सबल अर्थतन्त्रको साझा विचार

कर्पोरेट Times

Corporate Times Weekly

साप्ताहिक

❑ वर्षः २ ❑ अंकः ६ ❑ ०८ भदौ २०८२, आइतबार ❑ 24 August 2025, Sunday ❑ corporatetimes.com.np ❑ पृष्ठः ८ ❑ मुल्य रुः २०/-

# कर्जा मिनाहा हुँदा पनि पुनर्जीवनको पर्खाइमा चिनी मिल, लगानीकर्ता खोज्दै भौँतारिएका संचालक


डिल्ली शाहि/ कैलाली

५०को दशकमा कुनै दिन कैलालीको पूर्व क्षेत्रमा देशकै पहिलो विदेशी लगानीको उद्योग संचालनमा थियो । हरेक साँझ मिलको टुक टुक आवाज र मध्य रातमा देखिने धुवाँको मुस्लोमा देखिने सपना सायद कसैको कमी थिएन । दैनिक तिन हजार मेट्रिक टन चिनी उत्पादन गर्न सक्ने देशकै ठुलो उद्योग थियो बासुलिङ्ग सुगर मिल । तर राज्यको विडम्बनाका कारण संचालन भएको केही वर्षमा उद्योग खण्डहरमा मात्रै अवशेष छ ।

तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दका छोरा अरुण चन्दले २०५१ मा वासुलिङ्ग सुगर एन्ड जनरल इन्डष्ट्रिज लिमिटेड कैलालीको चुहामा स्थापना गराएका हुन् । सो उद्योगमा भारतको दि धामपुर सुगर मिल्स लिमिटेड (डीएसएम) को समेत लगानीमा देशकै पश्चिम क्षेत्रकै ठुलो उद्योग थियो । कम्पनीमा अरुण चन्दसहित भारतीय नागरिक विजयकुमार गोयल पनि लगानीकर्ताका रुपमा छन्। यसै गरी शुसिला राणा, हर्कबहादुर चन्द, राजेन्द्रबहादुर चन्द, गणेशदत्त भट्ट र अरुण मल्ल पनि प्रबर्द्धकका रुपमा रहेका छन्।


भारतको उत्तर प्रदेशमा चन्दका आफन्तले चलाएको चिनी मिल उत्तर प्रदेश सरकारले हटाएपछि मेसिन नेपालमा ल्याई सञ्चालन गरिएको थियो । सरकार र सञ्चालकबाट मिल पुनः संचालका लागि विगतमा पटक-पटक प्रयासहरू भएका थिए । तर द्वन्द्वको चेपुवामा परेको मिल सञ्चालनमा आउन सकेको थिएन । चौबिसै घण्टा संचालन हुने मिल सशस्त्र द्वन्द्व चरमोत्कर्षमा पुगेका बेला सुरक्षाको कारण दिउँसो मात्र सञ्चालन हुन थाल्यो । पूर्ण क्षमतामा संचालन नहुँदा घाटामा जानु र सुरक्षाका कारण मिल बन्द गर्नुपर्ने अवस्था आएको सञ्चालक बताउँछन् ।सुरक्षाको कारण भन्दै राजमार्ग छेउछाउमा उखु लगाउन दिइएन । उखु लगाउने किसान घटेपछि कच्चा पदार्थको अभाव भयो ।

२०५४ सालसम्म राम्रैसँग सञ्चालन भएको थियो। द्वन्द्वको चेपुवामा परी २०६१ सालमा बन्द भयो। त्यसपछि पुनःसञ्चालनका लागि प्रयास गरिए पनि प्रभावकारी हुन सकेन। विभिन्न समयमा बेच बिखन गरेर हाल मिलको स्वामित्वमा साढे ५२ बिघा जमिन छ। मिलमा कृषि विकास बैंक, नेपाल औद्योगिक विकास निगम, राष्ट्रिय वाणिज्य बैंक, कर्मचारी सञ्चय कोष, नेपाल बैंक लिमिटेड र नागरिक लगानी कोषको ५७ करोड २७ लाख २८ हजार ऋण लगानी छ त्यस्तै, सञ्चालक चन्दको २५ करोड ६४ लाख ३४ हजार लगानी छ। तर लामो समयदेखि बन्द भएका कारण उद्योगका सबै उपकरणहरू काम नलाग्ने अवस्थामा पुगेको बताइएको छ ।



४.मन्त्रिपरिषदको निर्णयः

नेपाल सरकार, प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०६८।५।२३ मा जारी गरिएको तत्काल राहत कार्यक्रम, २०६८ को दफा ९.२ को व्यवस्था बमोजिम रुग्ण उद्योगको पुनरुत्थान गरी औद्योगिक उत्पादन वृद्धि, रोजगारी सिर्जना र आयात प्रतिस्थापन गर्नका लागि त्यस्ता उद्योगको पहिचान, उद्योगले भोगिरहेको समस्या र त्यसका समाधानका उपाय तथा सरकारले उपलब्ध गराउनु पर्ने सुविधा र सहुलियतका सम्वन्धमा रुग्ण उद्योग पुनरुत्थान उच्चस्तरीय कार्यदल, २०६८ ले अध्ययन गरी मिति २०६८ मंसीरमा सुझाव सहितको प्रतिवेदन पेश गरे अनुसार मन्त्रिपरिषद्को मिति २०६९।९।१९ को बैठकबाट उक्त प्रतिवेदनलाई सैद्धान्तिक तथा नीतिगत तवरमा स्वीकृत गर्दै सो प्रतिवेदनमा उल्लिखित सिफारिशहरुको कार्यान्वयनका सम्बन्धमा आवश्यक कानुनी, नीतिगत, संस्थागत तथा स्रोत साधनको उपलब्धता सम्वन्धी व्यवस्था अन्य सम्बद्ध निकायहरुसँग समन्वय गरी मिलाउने भन्ने निर्णय कार्यान्वयनमा सघाउ पुऱ्याउन यो कार्यविधि सहायक हुने यस बैंकको धारणा रहेको छ ।



४. वासुलिंग सुगर एण्ड जनरल इण्डष्ट्रिज लि., कैलाली

क) यस उद्योगलाई बैंकहरूको विभिन्न शीर्षकमा रहेको कर्जालाई दीर्घकालीन कर्जामा परिणत गर्नुपर्ने, ब्याज, पूँजीकृत ब्याज, हर्जाना ब्याजमा समुचित छुट गरी कर्जाको साँवा रकम तिर्ने व्यवस्था, उद्योग संचालनको लागि सरल कर्जा उपलब्ध गराइदिने, चालु पूँजी उपलब्ध गराइदिनु पर्ने लगायतका वित्तीय सुविधाका सम्बन्धमा नेपाल राष्ट्र बैंकले आवश्यक व्यवस्था मिलाउने,

ख) कर दायित्वहरूको ब्याज जरिवाना छुट भई कर रकम मात्र भुक्तानी गर्ने विषय सम्बोधन गर्नका लागि अर्थ मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने।

ग) कालो सूचीबाट फुकुवा गर्ने, गैर-वित्तीय सुविधा संबोधनका लागि नेपाल राष्ट्रबैंकले आवश्यक व्यवस्था मिलाउने ।









पूर्व प्रधानमन्त्रीका छोरा भएका कारण चन्दले उद्योगलाई खासै समय दिन सकेनन् । स्थानीय व्यवस्थापक समेत उद्योगको नाफालाई मनोरञ्जनमा खर्च गर्न थाले । भनिन्छ, कुनै बेला मिलमा भारतको लखनउबाट समेत कलाकार बेलाएर संचालकहरुले रमाइलो गर्थे । त्यसै बखत करिब २०५६ साल तिर स्थानीय एक युवतिको मृत्यु भयो । पछि उद्योगका संचालकहरुले बलात्कार गरेर मारिएको भन्ने हल्ला चल्यो । अनि दैनिक ज्यालादारीमा काम गर्ने करिब तिन हजार मजदुर आन्दोलनमा उत्रिए । उद्योगले क्षतिपूर्ति मात्र दिनुपरेन, कामदारका लागि उद्योगको जग्गामा नै अस्थायी आवास दिने सहमति भयो । देशमा चरम द्वन्द्वको बेला यो नै उद्योगको सबैभन्दा ठुलो कमजोरी देखिन पुग्यो । (बाँकी पृष्ठ ४ मा)

# शरद ओझाको नियुक्ति अवैध रहेको छानबिन समितिको निष्कर्ष



काठमाडौं । बीमा प्राधिकरणका अध्यक्ष शरद ओझाको नियुक्ति अवैध रहेको छानबिन समितिले निष्कर्ष निकालेको छ । ओझाको योग्यता र आचरणको सम्बन्धमा छानबिन गर्न बनेको समितिले उनी उक्त पदमा नियुक्तिका लागि योग्य नरहेको निष्कर्ष निकालेको हो । उक्त निष्कर्ष सहितको प्रतिवेदन समितिले आइतबार अर्थ मन्त्रालयलाई बुझाएको छ । सरकारले उच्च अदालतका पूर्वन्यायाधीश कृष्ण गिरीको अध्यक्षतामा छानबिन समिति गठन गरेको थियो । समितिका सदस्यहरूमा जीवनप्रकाश सिटौला र कपिलदेव ओली सदस्य रहेका थिए । मन्त्रिपरिषद्को असार ३० गतेको उनीमाथि छानबिन गर्न समिति गठन गरेको थियो । उक्त प्रतिवेदनमाथि अब मन्त्रिपरिषद्मा छलफल हुनेछ जसले उनलाई बर्खास्त गर्ने निर्णय गर्न सक्नेछ ।

समितिका संयोजक कृष्ण गिरीले आफूहरूले पाएको जिम्मेवारी अनुसार सत्य तथ्य छानबिन गरेर प्रतिवेदन बुझाइएको बताए । 'हामीले जे देखेका हौं त्यही विषय प्रतिवेदनमा उल्लेख गरेर बुझाएका छौं' उनले भने, ' प्रतिवेदन अनुसार के निर्णय लिन्छ भन्ने निर्णय गर्ने सरकारले हो ।' अहिले उक्त समितिलाई मन्त्रिपरिषद्ले मुख्यतया तीन वटा कार्यादेश दिएको थियो । पहिलो, ओझाको आचरणबारे छानबिन गर्ने । दोस्रो, कार्यक्षमताबारे छानबिन गर्ने । र तेस्रो, पदीय जिम्मेवारी पालनको सम्बन्धमा समग्र रूपमा छानबिन गर्ने । ओझालाई फागुन १२ गते यही मन्त्रिपरिषद्ले प्राधिकरणका अध्यक्ष पदमा नियुक्ति दिएको थियो । तर, नियुक्तिको क्रममा (बाँकी पृष्ठ ४ मा)

# पहिलो महिनामा वैदेशिक लगानी प्रतिबद्धता १६३%ले वृद्धि




काठमाडौं । चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो महिना साउनमा २४ अर्ब १० करोड ४९ लाखबराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको छ। विभिन्न एक सय २७ परियोजनामा सोबराबरको लगानी प्रतिबद्धता आएको उद्योग विभागको तथ्यांकले देखाएको हो । गत आवको साउन महिनामा ९० परियोजनामा नौ अर्ब १५ करोड २५ लाखबराबरको लगानी प्रतिबद्धता आएको थियो। त्यसको तुलनामा चालू आवको साउनमा वैदेशिक लगानी प्रतिबद्धता १६३ प्रतिशतले बढेको तथ्यांक छ। अटोमेटिक प्रणालीबाट ८१ परियोजनामा ७३ करोड सात लाख ४५ हजार रुपैयाँ र स्वीकृति प्रणालीबाट ४६ आयोजनामा २३ अर्ब ३७ करोड ४२ लाख रुपैयाँ लगानी प्रतिबद्धता आएको छ। साउनमा एक सय २५ साना र दुई ठुला परियोजनामा लगानी प्रतिबद्धता आएको तथ्यांकमा उल्लेख छ।

तथ्यांकअनुसार रकमका आधारमा कृषि क्षेत्रमा सबै भन्दा धेरै वैदेशिक लगानी प्रतिबद्धता आएको देखिन्छ। कृषि क्षेत्रका तीन परियोजनामा २० अर्ब चार करोड ५५ लाख रुपैयाँ लगानी प्रतिबद्धता आएको छ, जुन कुल लगानी प्रतिबद्धताको ८३ प्रतिशत हो। यस्तै, पर्यटन क्षेत्रका ४१ परियोजनामा तीन अर्ब दुई करोड रुपैयाँ लगानी प्रतिबद्धता आएको छ, जुन कुल लगानी प्रतिबद्धताको १३ प्रतिशत हो। परियोजना संख्याका आधारमा सूचना प्रविधिमा पनि उच्च आकर्षण देखिएको छ। सूचना प्रविधिका ७१ परियोजनामा ३६ (बाँकी पृष्ठ ४ मा)

**कर्पोरेट टाइम्स साप्ताहिकका लागि**
प्रधान-सम्पादक/प्रकाशकः चेत नारायण पाण्डेय
Editor-In Chief/Publisher: Chet narayan Pandey

सम्पादकः गोविन्द देवकोटा
Editor: Govinda Devkota

सह-सम्पादकः दिपक पौडेल
Co-Editor: Dipak Poudel

व्यवस्थापकः राजन न्यौपाने
Manager: Rajan Neupane

संवाददाताः जेपी लम्साल, तृप्ती शाही, प्रविण रिजाल, निराजन परियार, डिल्ली शाही

लेआउटः कर्पोरेट टाइम्स डेस्क

मुद्रणः सप्तर्षि पब्लिकेशन प्रा. लि, चावहिल

कार्यालयः जोरपाटी, काठमाडौं ।
शाखा कार्यालयः ठमेल, काठमाडौं ।
फोनः ९७०६२४७४००
इमेलः corporatetimes0@gmail.com

**सम्पादकीय**

# मल कारखाना: आत्मनिर्भता र सहकार्यको सन्तुलन

*नेपालको कृषि क्षेत्र दशकौँदेखि मल अभावको समस्यामा फँसिरहेको छ। हरेक वर्ष किसानले मल समयमै र पर्याप्त मात्रामा नपाउँदा खेतीपाती प्रभावित हुन्छ। सरकारले अधिकांश मल आयातमा निर्भर रहँदा ढिलाइ, वितरण अस्थिरता र कालाबजारीको समस्या बारम्बार दोहोरिन्छ। यसले कृषि उत्पादनमा प्रत्यक्ष असर पुऱ्याउँछ, खाद्य सुरक्षामा जोखिम सिर्जना गर्छ र अन्ततः राष्ट्रिय अर्थतन्त्रमा दबाब बढाउँछ। दीर्घकालीन समाधान भनेकै नेपालमै मल कारखाना स्थापना गर्नु हो। तर विभिन्न अध्ययनहरूले देखाएका छन्, ठूलो रासायनिक मल उद्योग खोल्न अत्यधिक लगानी आवश्यक पर्छ। इलेक्ट्रोलिसिस प्रविधिबाट युरिया मल उत्पादन गर्न लगभग १ खर्ब ८९ अर्ब रुपैयाँ खर्च लाग्ने अनुमान छ भने प्राकृतिक ग्यास प्रविधि प्रयोग गर्दा पनि ७० अर्बदेखि १ खर्ब रुपैयाँ लागत लाग्ने देखिएको छ। साथै, युरिया उत्पादनका लागि दैनिक करिब ८०० मेगावाट विद्युत आवश्यक पर्छ। अहिलेको ऊर्जा संरचना र कच्चा पदार्थको उपलब्धता हेर्दा ठूला उद्योग सञ्चालन तत्काल सम्भव छैन।*

*यस सन्दर्भमा व्यावहारिक विकल्पको रूपमा मिश्रित वा ब्लेन्डिङ मल उद्योग प्रभावकारी देखिन्छ। आवश्यक पोषक तत्त्व मिसाएर तुलनात्मक रूपमा कम लागतमा मल उत्पादन गर्न सकिन्छ। यसले किसानलाई समयमै मल उपलब्ध गराउने, आयातमा निर्भरता घटाउने र माटोको उर्वरता संरक्षण गर्ने सम्भावना बढाउँछ। त्यस्तै, जैविक मल उत्पादनमा पनि ठूलो सम्भावना छ। अहिले सञ्चालनमा रहेका केन्द्रहरूले वार्षिक करिब १ लाख मेट्रिक टन उत्पादन गर्ने क्षमता राख्छन्। स्थानीय स्रोत र साधन प्रयोग गरी जैविक मल उत्पादन विस्तार गर्दा किसानको लागत कम हुन्छ र दीर्घकालीन रुपमा कृषि उत्पादकत्वमा सुधार आउँछ।*

*यस्तो समयमा नेपाल आयल निगमले भारतमा मल कारखाना खोल्ने पहल गरेको समाचारले नयाँ आशा जगाएको छ। निगमले भारतको उर्वरक कम्पनीहरूसँग सहकार्य गर्दै प्राकृतिक ग्यास आपूर्ति, सेयर-लगानी र कारखाना सञ्चालनका लागि अध्ययन अघि बढाएको छ। यस पहलले छोटो अवधिमा नेपालमा मल आपूर्ति सुनिश्चित गर्न सक्ने सम्भावना राख्छ। खुला सीमा, पुरानो व्यापारिक सम्बन्ध र भारतको ठुलो बजारले यसलाई व्यावहारिक बनाउनेछ। तर भारतमै कारखाना खोल्दा स्वदेशी उद्योग खोल्ने सपना पछि पर्ने वा परनिर्भरता अर्को स्वरूपमा कायम रहने खतरा पनि छ।*

*त्यसैले सन्तुलित दृष्टिकोण आवश्यक छ। छोटो अवधिमा भारतसँग सहकार्य गरेर आपूर्ति सुनिश्चित गर्न सकिन्छ, तर दीर्घकालीन लक्ष्य भने स्वदेशमै आत्मनिर्भरता हासिल गर्नु हो। चरणबद्ध रूपमा मिश्रित र जैविक मल उद्योग विस्तार गर्दै ऊर्जा संरचना बलियो बनाएर ठूलो रासायनिक उद्योग स्थापना गर्नुपर्छ। यसरी मात्र दीर्घकालीन रूपमा किसानलाई राहत, कृषि उत्पादनमा वृद्धि र खाद्य सुरक्षा सुनिश्चित गर्न सकिन्छ। समग्रमा, मल कारखाना अब घोषणामा मात्र सीमित रहनु हुँदैन। सरकार, निजी क्षेत्र र विदेशी साझेदारबीच स्पष्ट रणनीति, योजना र कार्यान्वयन आवश्यक छ। तत्काल भारतसँग सहकार्य र दीर्घकालीन स्वदेशी आत्मनिर्भरता–यही सन्तुलनले मात्र नेपालका किसानलाई वास्तविक राहत दिन सक्छ र कृषि आत्मनिर्भरता प्राप्त गर्न योगदान पुऱ्याउनेछ।*

# ‘शान्ति सुरक्षा बलले मात्र होइन, विवेकले कायम गर्ने हो’



सपना प्रधान मल्ल

प्रहरीमा महिलाले सीआईबी हाँके, उपत्यका प्रहरी हाँके, एआईजीसम्म भए। सबै ठाउँ हाँकेर आफूलाई स्थापित गरे। तर आईजीपी बन्ने मौका कहिले पाउने हो ? प्रहरी भन्नासाथै शान्ति सुरक्षा दिने निकाय बुझिन्छ। अझ प्रहरी हाम्रो परिवारको (न्यायपालिकाको) सदस्य पनि हो। किनभने, प्रहरी नै न्यायको पहिलो ढोका हो। कुनै पनि अपराधमा न्याय दिलाउने द्वार पनि हो। तर महिलाहरू यो द्वारबाट, यो संस्थाबाट, यो संरचनाबाट लामो समय एउटा सक्रिय र अर्थपूर्ण सहभागिताबाट बहिष्कृत थिए।

किन बहिष्कृत थिए ? हुन त भन्नुहोला - विं.सं. २००८ सालमै महिलाको प्रवेश भएको थियो। तर, यस अर्थमा बहिष्कृत थिए कि, समाजमा एकदमै गहिरो जरो गाडिएका यस्ता सोचहरू थिए, जुन लैङ्गिक लघुताभासमा आधारित थिए। त्यसबेला के सोचिन्थ्यो भने सुरक्षामा, सेनामा, एउटा कानुन कार्यान्वयन गर्ने निकायमा अथवा चेन अफ जस्टिस, न्यायका सिक्रीहरूमा महिलाहरू सक्दैनन्।

महिलाहरू सक्षम छैनन्। महिलाहरूले गर्न सक्दैनन्। अझ जब सुरक्षा फौज र प्रहरीको कुरा आउँछ, तब महिलाको त बलै छैन। अनि यो व्यक्तिगत क्षमतालाई नहेरिकन एउटा जेनराइज गरेर एउटा सामूहिक रुपमा चाहिँ सक्दैनन् भन्ने अनुमानबाट हामीहरू अगाडि बढेका थियौँ। अनुमानको कुरा कस्तो थियो भने शारीरिक रुपमा पनि असक्षम, भावनात्मक रुपमा पनि, इमोसनल्ली पनि धेरै कमजोर हुन्छ भन्ने सोच थियो। परिवर्तन त धेरै भएको छ तर पूर्ण परिवर्तन भएको छैन। अनि प्रश्न मलाई गर्न मन लाग्छ।

के साँच्चै महिलाहरू शारीरिक रुपमा कमजोर हुन्छन् ? अनि के साँच्चै सबै पुरुषहरू चाहिँ शारीरिक रुपमा बलियो हुन्छन् ? के पुरुष भित्र अन्तरस्थिति छैन ? महिलाभित्र अहिले म अगाडि मैले मिरा चौधरी (पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक) लाई देखिरहेको छु। उहाँ जस्तो ड्याङ ड्याङ हिँडेर तीन चार जना पुरुषलाई ढलाउन सक्ने साहस राख्ने व्यक्तित्वहरू पनि त हामीसँग हुनुहुन्छ। अर्थात्, बल एउटा असक्षमको बहिष्करणको एउटा कारक तत्व थियो। अनि महिलाहरू इमोसनल हुन्छन् भनेर भन्छन्, हैन ? अनि गर्नै सक्दैनन् भन्छन्। तर, अहिले त म यस्तो ठाउँमा छु कि धेरै पुरुषहरू मेरो अगाडि आएर रोएको पनि देखेको छु।

पुरुषहरूलाई रुनै मन लाग्दैन ? पुरुषहरूमा इमोसन नै हुँदैन ? भावना नै हुँदैन ? हुन्छ होला जस्तो लाग्छ नि। कि हुँदैन ? तर त्यो सोचहरू एकातिर रह्यो। र, अर्को चाहिँ सुरक्षा फौज भन्नासाथै हामीले ढुङ्गै ढुङ्गाले बलै बलले कुटेर चाहिँ शान्ति कायम गर्ने भन्ने बुझ्यौं। बुद्धि विवेक प्रयोग शान्ति कायम गर्ने भन्ने सोचनौं।

**शान्ति सुरक्षामा बल प्रयोग मात्र सबै थोक होइन**

अहिले त अपराधमा प्रविधि पनि प्रयोग हुन्छ। केही समयअघि इरानमा अमेरिकाले आक्रमण गर्दा छेप्यास्त्र प्रयोग गऱ्यो। अर्थात्, अहिले अपराध वा कुनै वारफेयरमा प्रविधि प्रयोग हुन्छ, बुद्धि र विवेक पनि प्रयोग हुन्छ।

अहिले त बायोकेमिकल वारको युगमा छौँ। त्यस्तोमा हामी प्रहरी चाहिँ कस्तो परिकल्पना गरिरहेका छौं ? सुरक्षा भन्नाले कस्तो सुरक्षाको एउटा सोचमा हामी छौँ ? प्रहरी काममा अथोरिटेटिभ हुने होला। पीडितसँग सहयोगी होला। अनि शान्ति सुरक्षाको लागि रणनीतिक प्रहरी होला। समाजलाई कसरी सुरक्षित राख्ने भन्ने खाल्को प्रहरी नै होला। अहिले समग्र न्याय नै कसरी अगाडि बढिराखेको छ भने प्रतिदण्डात्मक होइन, पुर्नस्थापकीय न्यायको हामी परिकल्पना गर्दैछौँ।

भर्खरै गृहमन्त्रीज्यूले मलाई कानमा भन्दै हुनुहुन्थ्यो, काभ्रेमा बसुन्धरा (खड्का, एसपी) जीले बाढी आउँदाखेरी गरेको व्यवस्थापनबाट म कति प्रभावित भएँ भन्ने कुरा। अर्थात्, समुदायमा विश्वास निर्माण गर्ने कुरामा पनि जहाँ नारीका पाइलाहरू टक्क अडिन्छ, त्यहाँ उनीहरू निर्भिक र निर्धक्क हुन्छन्। जब नारीका स्वरूप धर्तीमा मिसिएर नेपाल प्रहरी बन्दछन् तब इतिहास पनि गर्वले मुस्कुराउँछ। त्यहाँ शारीरिक बलसँग त केही जोडिएको पनि छैन।

महान्यायाधिवक्ताले पनि भन्नुभयो कि पहिले नीति, कानुनहरू, एउटा संस्थागत सोचहरू नै महिलाको समावेशिताको लागि, महिलालाई अगाडि लैजानको लागि अवरोध गर्ने किमिसको थियो। अब त संविधानले नै कुनै पनि विभेद सहँदैन र महिलाको समानुपातिक सहभागिताको कुरा पनि गरिसकेको छ। धेरै कानुनहरू परिवर्तन भइसकेका छन्। अहिले नीति पनि आएको कुरा तपाईंहरू आफैंले प्रस्तुत पनि गरिसक्नु भएको छ। एउटा सहज वातावरणहरू पनि भइसकेको छ। अनि अहिले आधुनिक र चुनौतिपूर्ण भनिएको पेशामा पनि महिलाहरू आइसकेका छन्। अहिले मैले अरुको कुरा नगरौँ महिला प्रहरीकै कुरा गर्दाखेरी सीआईबी पनि हाँके।

महिला सेल मात्र हाँकेको कुरा मैले गरिराखेको छैन। मेट्रो (उपत्यका प्रहरी कार्यालय) पनि हाँकेका छन्। म थापाथलीमा बस्छु। थापाथलीको चोकमा महिला प्रहरीले ट्राफिकको व्यवस्थापन गरेको र मोटरसाइकलमा पछ्याउँदै गएर तैपनि एउटा पुरुष ड्राइभरलाई उत्तरदायी बनाएको उदाहरण हामीसँग छ। महिलाले के गर्न सक्दैनन् ? के गरेर देखाएका छैनन् ?

नेपाल प्रहरीकी संज्ञा मल्ल २०२१ मा संयुक्त राष्ट्र संघको प्रहरीमा सबैभन्दा उत्कृष्ट प्रहरी भनेर स्थापित भइन्। नेपालको नै गर्व गर्ने क्षणहरू छन्। इन्टरनेसनल क्रिमिनल कोर्टमा कविता निरौला र रिता प्रधान ‘बेस्ट इन्भेस्टिगेटर’ भएको पत्र मेरो हातमा पनि प्राप्त भएको थियो। महिलाले के गर्न सक्दैनन् ? अनुमानहरू निराधार ठहर भइसकेका छन्।

अर्को एउटा कस्तो सोच छ भने महिला भनेको सुरक्षा लिने वर्ग, पुरुष त सुरक्षा दिने वर्ग। तर, अहिले अलिकति परिवर्तन त भएको छ। म यो प्रहरी सम्मेलनमा के निवेदन गर्न चाहन्छु भने मेरो सुरक्षामा त महिला पनि हुनुहुन्छ। अब यदि महिलाले सुरक्षा लिने वर्ग होइन दिने वर्ग पनि हो भने भीभीआईपी र भिआईपीको सुरक्षामा र विशेष गरेर आईजीपी र गृहमन्त्रीहरूले महिलाबाट सुरक्षा लिनुस्। तपाईंहरू उदाहरण बनिदिनुस्।

**महिलाको फरक भूमिका**

नेपाल प्रहरीमा ० बाट १२.४१ प्रशित हुनु भनेको ठूलो उपलब्धि हो। न्यायाधीशको संख्या र महिला प्रहरीको संख्या अहिले त्यस्तै त्यस्तै रहेछ। निजामती सेवामा महिलाहरू सचिव हुनुहुन्छ। उहाँहरूलाई हेर्दाखेरी अथवा हाम्रो सरकारी वकिलमा महिलाको संख्या कम देखिन्छ। तर, खुसीको कुरा अहिले न्यायपालिकामा सक्षम र सबल नयाँ महिला अधिकृतहरूको उपस्थिति बाक्लो हुँदैछ। त्यो हाम्रो लागि ठूलो आशा हो। हाम्रो ठूलो सपनाहरू साकार गर्ने अवसर पनि हो।

उनीहरूले हामी समान रुपमा काम गर्न सक्छौँ भनेर भनेका छन्। तर समान हुँदाहुँदै पनि महिलाहरू फरक छन्। महिलाहरू कहाँ फरक छन् भने उनीहरूको प्रजनन स्वास्थ्यको अवस्थाहरू फरक छ। प्रजनन् स्वास्थ्यको भूमिकाहरू फरक छ। तर, महिलाको प्रजनन् स्वास्थ्यको अवस्था र भूमिका यो चाहिँ संविधानले मौलिक अधिकारको रुपमा मान्यता दिएको छ। किनकि यो भूमिका भनेको राज्यको भूमिका हो। सामाजिक भूमिका, उसको व्यक्तिगत भूमिका मात्र होइन। राज्यलाई राज्य बनाउन नागरिक चाहिन्छ। सृष्टिको निरन्तरता, निरन्तर कर्ताको रुपमा महिला हो, आमा हो महिला। आमाबिना मानव संसारको निरन्तरता हुन सक्दैन।

त्यो भूमिकालाई हामीले काम गर्ने ठाउँमा एकदमै मान्यता दिएर नीतिहरू अझ बढी गम्भीर, अझ बढी संवेदनशील चाहे त्यो बच्चाको हेरचाहको लागि होस्, चाहे गर्भधारणको अवस्थामा होस्, त्यो वातावरण बनाउनको लागि हामी लाग्नुपर्छ। र, यो विषयमा सम्मेलनमा विस्तृत छलफल पनि छ भनेर मलाई खुसी पनि लागेको छ। अदालतबाट हामीले एउटा अध्ययन गरेका थियौं, त्यसले के देखायो भने न्यायमा धेरै पीडितहरू महिला हुँदा रहेछन्। जहाँ-जहाँ हिंसाका कुराहरू हुन्छन् त्यहाँ महिला हुन्छन्। अनि उनले एकदम असहज अनुभूति गर्छिन् रे त्यहाँ आउँदाखेरी किनभने त्यहाँ सबै पुरुषै पुरुष कर्मचारी छन्।

पीडितलाई न्यायको ढोका घच्घच्याउनलाई असहज अनुभूति हुन्छ भने त्यहाँ पनि महिलाको आवश्यकता छ। तर महिला मात्र भएर पुग्दैन। महिला भित्र पनि पितृसत्ता छ भनेदेखि त्यो काम लाग्दैन। हामीलाई त्यो पुरुष पनि चाहिन्छ जो लैङ्गिक संवेदनशील छन् र त्यो लैङ्गिक संवेदनशीलता पुरुषहरूमा पनि हुन आवश्यक छ। तेस्रो कुरा चाहिँ काम गर्ने ठाउँ हतोत्साही हुने खालको हुन भएन। काम गर्ने ठाउँलाई स्वस्थ र सुरक्षितको सुनिश्चितता कसरी गर्ने भन्ने विषय चाहिँ महत्वपूर्ण छ।

हामीले एउटा फैसला पनि गर्यौं, नेपाली सेनाको सन्दर्भमा। सेनामा एकजना हाकिमको कुचीकार महिलासँग सम्बन्ध हुन्छ। अनि दुईटै उमेर पुगेको मेरो सहमतिको सम्बन्ध भनेर बयान आयो। र त्यसमा सर्वोच्च अदालतले के भन्यो भन्दाखेरी होइन, एउटा कुचीकार महिलाले आर्मीको हाकिमलाई स्वतन्त्र सहमति दिन सक्दैन। त्यो पनि चेन अफ कमान्डमा।

त्यो हतोत्साही हुने वातावरणको कुरा थियो। एउटा यौनजन्य व्यवहारको कुरा थियो। त्यसैले काम गर्नका लागि अरु सुरक्षित वातावरण र प्रजनन् स्वास्थ्यको कारणले आवश्यक भूमिकालाई कसरी हेर्ने बेहोर्ने विषय पनि हाम्रो लागि धेरै महत्वपूर्ण छन्।

हामी महिला सबै ठाउँमा पुगे भन्छन्, तर महिला त निर्णायक ठाउँमा पनि हुनुपर्यो नि। प्रहरीमा एआईजीसम्म त भए। तर अहिले त्यो एआईजी पनि भ्याकुम देखिएको छ। हाँक्न त सबै ठाउँ हाँके। हाँकेर आफूलाई स्थापित गरे। तर आईजीपी बन्ने मौका कहिले पाउने हो ? अझ निर्णायक तहमा माथि महिलाहरूलाई कसरी पुगाउने हो? त्यो ग्लास सिलिङलाई कसरी ब्रेक गर्ने हो ?

अन्तिममा, हामी सम्मेलनहरू गरेर प्राप्त उपलब्धिबारे समीक्षा गरिरहेका छौं, तर सँगसँगै यसलाई संस्थागत गर्न, यसलाई संरक्षण गर्नको लागि आवश्यक वातावरणहरू कसरी निर्माण गर्ने ? तपाईंले सामना गर्नुपर्ने चुनौतीहरू के छ ? त्यसलाई खुलेर अभिव्यक्त गर्नुपर्छ। अनि सम्बोधनको बाटोहरू तपाई आफैले खोज्ने र त्यो बाटोहरू चाहिँ निर्णायक तहमा दिनुपर्छ। तपाईंहरू यो सम्मेलनमा सफल हुनुस्। तपाईंहरूको चुनौतीहरू के छ, हामीसँग पनि सेयर गर्नुस्। समाधानको लागि हामी सबै तपाईंसँग छौँ। *(मल्ल, श्री सर्वोच्च अदालमा बरिष्ठतम् न्यायधिस हुनुहुन्छ। अनलाइन खबरबाट)*

# पुख्र्यौली सपनाको आलोक कलम बमः चेतनाको मशाल बोक्दै युवराज, सुदूरपश्चिममा शैक्षिक क्रान्तिको गौरवशाली गाथा

कैलाली । पश्चिम नेपालको फाँट, सुन्दर कैलालीको हृदय स्थलमा अवस्थित घोडाघोडी नगरपालिका-१०, पहलमानपुर। यही माटोमा एउटा यस्तो शैक्षिक बीउ रोपियो जसले न केवल स्थानीय समुदायको भविष्य उज्यालो बनायो, बरु समग्र सुदूरपश्चिमकै शिक्षा यात्रालाई अदम्य साहस र अटल विश्वासका साथ नयाँ क्षितिजमा पुऱ्यायो। यस अभियानका अमर प्रेरणा स्रोत थिए स्वर्गीय कलम बम, र आज त्यसको उज्ज्वल उत्तराधिकार अत्यन्त निष्ठाका साथ सम्हालिरहेका छन् उनका सुपुत्र युवराज बम। यो केवल एउटा विद्यालयको कथा होइन, यो त शिक्षाको माध्यमबाट समाज रूपान्तरण गर्न सकिन्छ भन्ने अदम्य संकल्पको महागाथा हो। यो कथा एउटा दूरदर्शी सपनाको हो जुन एक योद्धाले देखे, र अर्को पुस्ताले त्यसलाई यथार्थको ठोस धरातलमा साकार पाऱ्यो।

**अन्धकारमा शिक्षाको बीजारोपण कलम बमको क्रान्तिकारी दूर दृष्टि**

वि.सं. २०४८ साल - नेपालमा निजी विद्यालयको अवधारणा भर्खरै कोपिलाउँदै थियो। यस्ता विद्यालयहरू केवल धनी र शहरी वर्गका लागि मात्र पहुँचयोग्य मानिन्थे। ग्रामीण भेगमा गुणस्तरीय शिक्षाको कल्पना गर्नु पनि एउटा दिवास्वप्न जस्तै थियो। यस्तो प्रतिकूलताको गहिरो आँधीबिच कलम बम जस्ता एक दूरदर्शीले 'पद्म निकुञ्ज' नामक शिक्षालयको पवित्र बीज रोपे। उनको दूर दृष्टिले ग्रामीण समाजका निम्न-आय वर्गलाई केन्द्रमा राख्दै एउटा यस्तो विद्यालयको सपना देखेको थियो, जहाँ हरेक बालबालिकाले गुणस्तरीय शिक्षा पाउँथे, चाहे उनीहरूको आर्थिक अवस्था जस्तोसुकै होस्। समयको प्रवाहसँगै यही विद्यालय 'कलम बम मेमोरियल इङ्लिस स्कुल' को नामले देशभर चिनिन पुग्यो। यो केवल एउटा भवन थिएन, यो त शैक्षिक समानताको एक क्रान्तिकारी घोषणापत्र थियो, जसले स्थापित विभेदकारी मान्यताहरूलाई चुनौती दियो र शिक्षामा सबैको समान पहुँच हुनुपर्छ भन्ने सन्देश प्रवाह गर्दै समाजमा जागरण ल्यायो।

**चेतनाका एकनिष्ठ योद्धाः कलम बमको बलिदान र अमर विरासत**

वि.सं. २०१९ असार ११ मा जन्मिएका कलम बम शिक्षाको उज्यालो बाटोमा समर्पणपूर्वक हिँड्ने एक विशिष्ट योद्धा थिए। उनले भारतको मुम्बई र नेपालको काठमाडौंबाट स्नातकोत्तर (अंग्रेजी) को उच्च शिक्षा हासिल गरे, तर उनको मन गाउँकै माटोको सुगन्धमा रमेको थियो। उनले आफ्ना उच्च शिक्षाका प्रमाणपत्रहरूलाई केवल देखावटी ज्ञानको प्रतीक मात्र नबनाई, त्यसलाई ग्रामीण समाजमा गुणस्तरीय शिक्षा पुऱ्याउने आफ्नो लक्ष्य प्राप्तिका लागि एउटा सशक्त हतियारका रूपमा प्रयोग गरे। कलम बमले शिक्षालाई केवल किताबी ज्ञानको रूपमा नभई, समग्र व्यक्तित्व विकास, सामाजिक न्याय र चेतनाको सशक्त माध्यमको रूपमा अँगाले। उनी विश्वास गर्थे कि सच्चा शिक्षाले व्यक्तिलाई आत्मनिर्भर बनाउँछ, अन्याय विरुद्ध लड्ने शक्ति दिन्छ र समाजमा सकारात्मक परिवर्तनको नवीन लहर ल्याउँछ।

२०५२ सालदेखि नेपालमा सुरु भएको सशस्त्र द्वन्द्वले देशभर अस्थिरता र भयको कालो बादल मडारिरहेको बेला पनि कलम बम आफ्नो 'मिसन' बाट एक इन्च पनि विचलित भएनन्। चारैतिर अशान्ति, भय र अनिश्चितताका बाबजुद पनि उनले विद्यालयलाई जीवन्त राखे, शिक्षाको ज्योतिलाई एक पल पनि निभ्न दिएनन्। उनको दृढ संकल्पले लाखौं चुनौतीहरूलाई पार गऱ्यो, तर दुर्भाग्यवश, २०५४ साल भदौ २ गते उनी निर्ममतापूर्वक हत्याको सिकार भए। उनको भौतिक शरीर यस संसारबाट बिदा भए पनि, उनको सपना मरेन, उनको योगदान मेटिएन। उनले रोपेको शिक्षाको बीउ अमर भयो। त्यसपछि विद्यालयको नाम परिवर्तन भई 'कलम बम मेमोरियल' राखियो - यो नाम आज सुदूरपश्चिमको शैक्षिक इतिहासमा मात्र होइन, समग्र नेपाली शिक्षा क्षेत्रमा एक अमर गाथाको रूपमा स्थापित छ।

कलम बमको दूर दृष्टिले नेपाली ग्रामीण शिक्षामा 'समावेशी गुणस्तर' को नयाँ परिभाषा कोरेको थियो। उनका नवीन दृष्टिकोणहरूमा आर्थिक रूपमा पिछडिएका विद्यार्थीहरूका लागि छात्रवृत्तिको व्यवस्था, गुणस्तरीय शिक्षा प्रदान गर्न भारतको दार्जिलिङबाट दक्ष शिक्षकहरू ल्याई शिक्षाको स्तर उकास्ने प्रयास, शिक्षालाई संस्कार र नैतिक मूल्यहरूसँग एकसाथ जोड्ने अभ्यास, र सामुदायिक सहभागिता बढाउँदै शिक्षा अभियानमा जनसहभागितालाई प्रोत्साहन गर्नु प्रमुख थिए। यी सबै प्रयासहरूले उनले ग्रामीण क्षेत्रमा पनि शहरी क्षेत्रमा भन्दा कम गुणस्तरको शिक्षा पाउनुपर्छ भन्ने स्थापित र विभेदकारी मान्यतालाई निर्ममतापूर्वक तोड्ने काम गरे।

**पिताको विरासत बोकेर युवराजः शिक्षामा आधुनिकता र प्रगतिशीलताको नयाँ आयाम**



कलम बमको असामयिक, क्रूर निधनपछि उनको महान् सपनालाई अगाडि बढाउने ऐतिहासिक जिम्मेवारी उनका सुपुत्र युवराज बमको काँधमा आइपऱ्यो। शिक्षा क्षेत्रप्रतिको गहिरो मोह र पिताको सपनाप्रति अगाध श्रद्धाले युवराज बमलाई त्यो अपार विरासत सम्हाल्न प्रेरित गऱ्यो। सन् २००४ देखि २०१० को अन्त्यसम्म उनले विद्यालयको कार्यकारी नेतृत्व सम्हाले। उनको नेतृत्वमा कलम बमले रोपेको बीउले अब विशाल वृक्षको रूप लिन थाल्यो, जसका हाँगाहरूले धेरैलाई शीतलता प्रदान गर्न थाले। युवराजका योजनाहरू केवल परम्परागत शिक्षामा सीमित थिएनन्; ती प्रगतिशील, प्रयोगात्मक र प्रविधिमैत्री थिए, जसले २१औँ शताब्दीको आवश्यकतालाई सम्बोधन गर्थे।

युवराज बमको दूरदर्शी नेतृत्वमा विद्यालयको कायापलट भयो। उनले डिजिटल प्रविधिको अधिकतम प्रयोग गर्दै विद्यालयमा ई-लाइब्रेरीको स्थापना र परिष्करण गरे, जसले विद्यार्थीहरूलाई विश्वव्यापी ज्ञानको असीमित भण्डारमा सहज पहुँच पुऱ्यायो। उनले प्राविधिक र व्यावसायिक शिक्षामा जोड दिए, ताकि विद्यार्थीहरूले किताबी ज्ञानका साथसाथै व्यावहारिक सीपहरू पनि हासिल गर्न सकुन् र भविष्यका लागि आत्मनिर्भर हुन सकुन्। युवराज बमले खेलकुद, संगठित अनुशासन, संस्कार र अतिरिक्त क्रियाकलापलाई शैक्षिक यात्रासँग जोडेर समग्र व्यक्तित्व विकासमा ध्यान दिए। उनको विश्वास थियो कि शिक्षाले विद्यार्थीको शारीरिक, मानसिक, सामाजिक र नैतिक विकासलाई पनि समान रूपमा समेट्नुपर्छ। यसका अतिरिक्त, उनले उत्कृष्ट भौतिक पूर्वाधार निर्माणमा जोड दिए - अत्याधुनिक प्रयोगशालादेखि आधुनिक कक्षा कोठासम्मको निर्माणले विद्यार्थीहरूलाई उत्कृष्ट सिकाइ वातावरण प्रदान गऱ्यो।

**गौरवशाली उपलब्धि र चेतनाको मशाल**

युवराज बमको नेतृत्वमा कलम बम मेमोरियलले शैक्षिक क्षेत्रमा धेरै उल्लेखनीय र कीर्तिमानी उपलब्धिहरू हासिल गऱ्यो। विद्यालयले शैक्षिक सत्र २०७८, २०७९ र २०८० मा लगातार एसइई नगर प्रथम हुन सफल भयो, जसले ग्रामीण क्षेत्रको विद्यालयले पनि उत्कृष्ट नतिजा ल्याउन सक्छ भन्ने ऐतिहासिक रूपमा प्रमाणित गऱ्यो। साथै, कक्षा ८ को नगर स्तरीय परीक्षामा पनि विद्यालयले सर्वोत्कृष्ट नतिजा प्राप्त गऱ्यो। हाल विद्यालयमा ३६ शिक्षक शिक्षिका, ६ सहयोगी र ३ बस चालकसहित ४५ जना कर्मचारी कार्यरत छन्, जसले १०९६ विद्यार्थीलाई गुणस्तरीय सेवा प्रदान गरिरहेका छन्।

युवराज बमले विद्यालयलाई केवल ज्ञान दिने संस्था नभई, सजग, संस्कारी र सक्षम नागरिक उत्पादन गर्ने सामाजिक प्रयोगशाला बनाएका छन्। उनी शिक्षा र मूल्य-दृष्टिकोणलाई एकसाथ अघि बढाउँदै शिक्षा प्रणालीमा 'मन, मस्तिष्क र मर्यादा' को समन्वय गर्न खोज्छन्, जुन उनका पिता कलम बमको दूरदर्शिताको प्रत्यक्ष प्रतिबिम्ब हो। उनको नेतृत्वमा विद्यार्थीहरूले केवल परीक्षामा उत्कृष्ट अंक मात्र होइन, जीवनमा सफल हुनका लागि आवश्यक पर्ने नैतिक मूल्य, सामाजिक चेतना र अनुसन्धानात्मक बानीहरू पनि सिकिरहेका छन्।

कलम बमले रोपेको शिक्षा रूपान्तरणको बीउ आज युवराज बमको नेतृत्वमा विशाल र फलदायी वृक्ष बनेर फस्टाइरहेको छ। बम परिवारको यो योगदान केवल पहलमानपुरका लागि मात्र सीमित छैन, यो त समग्र नेपाली समाजका लागि एक पथप्रदर्शक नमुना हो। यसले देखाउँछ कि दृढ इच्छाशक्ति र अथक प्रयास भएमा कुनै पनि दुर्गम स्थानमा पनि शैक्षिक क्रान्ति ल्याउन सकिन्छ। शिक्षा भन्ने केवल पाठशालामा जाने काम हैन, यो त सोच परिवर्तन गर्ने आन्दोलन हो - यही आन्दोलनको अग्रदूत बनेका छन् कलम बम र युवराज बम। उनीहरूको कथाले हामीलाई सधैँ सम्झना दिलाउँछ कि साँचो विकास भौतिक संरचनाको निर्माणमा मात्र होइन, मानवीय चेतनाको विकासमा पनि निहित छ।

"कलम बमको सपनालाई युवराज बमले चेतनाको मशाल बनाएर अगाडि बढाएका छन्। ती मशालबाट अब हजारौँ बालबालिकाले आफ्नै भविष्यको मार्ग देखिरहेका छन्।" शिक्षा क्रान्तिको यो गौरवशाली यात्रा अझ उज्यालो होस्, अझ फैलियोस् - यही शुभेच्छा। यो विरासतले आगामी पुस्ताहरूलाई पनि प्रेरित गरिरहनेछ, शिक्षाको माध्यमबाट एक उज्ज्वल र समृद्ध समाज निर्माण गर्नका लागि।

# कोप-३० को तयारी सुरु, जलवायु वित्तका विषयमा केन्द्रित हुने

दिपक पौडेल/ काठमाडौं

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको ३० औँ सम्मेलन (कोप-३०) का लागि नेपालले तयारी प्रारम्भ गरेको छ । कोप-३० आगामी नोभेम्बर १० देखि २१ तारिख (आगामी कात्तिक २४ देखि मङ्सिर ५ गतेसम्म) सम्म ब्राजिलको बेलेममा आयोजना हुँदैछ । यो सम्मेलन जीवाश्म इन्धनको खपत विस्थापन, वन, समुद्र र जैविक विविधता संरक्षण अभिवृद्धि, कृषि र खाद्य प्रणालीको रूपान्तरण, मानव पक्षपोषण र सामाजिक विकास तथा प्रविधि, क्षमता अभिवृद्धिलगायत एक अर्कामा गाँसिएका विषयमा छलफल केन्द्रित हुने जनाइएको छ । त्यसका लागि ब्राजिल सरकारले प्रस्ताव अघि बढाएको छ । नेपालले पनि गत जेठमा सम्पन्न गरेको सगरमाथा संवादका निष्कर्ष 'सगरमाथा आह्वान' को हिमाल संरक्षणलगायत विषयलाई जोडदार रूपमा उठाउने गरी तयारी थालेको छ । वन तथा वातावरण मन्त्रालयले शुक्रबार नेपालका लागि ब्राजिलका राजदूत, सरोकारवाला सरकारी तथा गैरसरकारी र विकास साझेदारका प्रतिनिधिसहितको बैठक गरी कोप-३० को तयारी थालेको छ ।

वन मन्त्री ऐनबहादुर शाही ठकुरीले मन्त्रालयले कार्ययोजना बनाइ सम्मेलनको तयारी थालेको बताउँदै विगतका अनुभवलाई ध्यानमा राखेर अघि बढ्ने उल्लेख गरे । उनले भने- 'सबैका आवाज र साथ लिएर चुस्त टिमका साथ सम्मेलनमा सहभागिता जनाउँनेछौँ । नेपालले विगत वर्षहरूका कोपबाट पनि धेरै अनुभव हासिल गरेको छ । कमीकमजोरी हुन नदिन थप सशक्त तयारी गर्नेछौँ । सम्मेलनमा जलवायु वित्त, कार्बन व्यापार, जलवायु अनुकूलन र न्यूनीकरण, जलवायुजन्य हानी नोक्सानीलगायत विषयलाई सशक्त रूपमा उठाउने गरी तयारी अघि बढाएका छौँ ।'

यस पटकको सम्मेलन नेपालबाट धेरै टाढा रहेको ब्राजिलको मुख्य सहरभन्दा टाढा सम्मेलनस्थल भएकाले कम पूर्वाधारका कारण आगन्तुकको बसाइ खर्चिलो हुने बताइएको छ । विश्वव्यापी जलवायु परिवर्तनका कारण नेपाल उच्च जोखिममा रहेको मुलुकमध्येमा पर्दछ । जलवायु परिवर्तनको असर विशेष गरी हिमाली क्षेत्रमा हिमताल पग्लने र विस्फोट हुने, पहाडी क्षेत्रमा पहिरो र सुक्खा खडेरी र तराई मधेसमा बाढी पहिरोहरू देखिन थालेको मन्त्री शाहीले बताए । हिमाल, पहाड र तराई/मधेसमा बसोबास गर्ने गरिब, साना किसान, सीमान्तकृत आदिवासी, महिला, बालबालिका, अशक्त, तथा ज्येष्ठ नागरिक बढी प्रभावित बनेका छन् ।

**सगरमाथा संवादका निष्कर्षलाई प्राथमिकताका साथ उठाइने**

मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा.महेश्वर ढकालले सम्मेलनको तयारीका लागि पेभिलियन र साइड कार्यक्रमको अवस्था, राष्ट्रिय अवधारणा पत्र तयारी, प्रतिनिधि मनोनयनको निर्देशिका स्वीकृति, अन्तरमन्त्रालय समन्वय, अमेरिकाको न्यूयोर्कमा रहेको नेपाली स्थायी नियोगसँग समन्वय, सगरमाथा आह्वान कार्यको बारेमा अन्तरक्रियालगायत विषयमा छलफल गरिने जानकारी दिए । 'यसका साथै राष्ट्रिय वातावरण तथा जलवायु परिवर्तन परिषद्को बैठक, कोप सम्मेलनको पूर्वतयारी बैठक, राष्ट्रिय जलवायु परिवर्तन परिषद् बैठक, पेरिस सम्झौताको धारा ६ अन्तर्गतको छलफल, संयुक्त राष्ट्रसङ्घका महासचिवले जलवायु कार्यमा नेपालको एनडीसीको उच्चस्तरीय सहभागिता तयारी गर्नेछौँ,' उनले भने- 'नयाँ वार्ता समूह दर्ता, उच्चस्तरीय शिखर सम्मेलनको तयारी, सम्बन्धित अधिकारीहरूलाई तालिम, मनोनीत प्रतिनिधिहरूको भूमिका विभाजन, कोप-३० मा भाग लिनका लागि आचारसंहिता, कोप-३० को भर्चुअल अनुगमन र समन्वय संयन्त्रलगायतका विषयमा तयारी गर्नेछौँ ।'

पेरिस सम्झौताअनुसार विश्व समुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम १.५ डिग्री सेल्सियसभन्दा बढ्न नदिन सहमति गरे पनि सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर १.८ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ । साथै उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुई तिहाइ हिम भण्डार पग्लने अनुमान अध्ययनले गरेका छन् ।

युथ एलाइन्स फर इन्भायरोन्मेन्ट (युएई) अध्यक्ष सनोत अधिकारीले यस सम्मेलनमा नेपालले खासगरी युवाका विषयका साथै जलवायु वित्त, हरित जलवायु कोष र हानी नोक्सानी कोषमा पहुँच र सरलीकरण विषय, कार्बन व्यापार, जलवायु अनुकूलन र न्यूनीकरणलगायत विषयमा आवाज उठाउनुपर्ने बताए । यसका साथै नेपालले सगरमाथा संवादको निष्कर्ष 'सगरमाथा आह्वान' का विषयका साथै नेपालले जलवायु परिवर्तनमा गरेका राम्रा अभ्यासका बारेमा सशक्त रूपमा आवाज उठाउन मन्त्रालयलाई सुझाव दिए ।

**नेपालबाट उच्चस्तरीय सहभागिता**

कोप-३० मा नेपालबाट राष्ट्रप्रमुख वा सरकार प्रमुख तहको उच्चस्तरीय सहभागिता जनाउने गरी मन्त्रालयले तयारी गरिरहेको छ । यस सम्मेलनमा सम्भवतः प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा नेपालले सहभागिता जनाउनेछ । पछिल्लो समय उनले जलवायु परिवर्तन र वातावरणका विषयमा प्राथमिकताका साथ चासो लिँदै आएका छन् ।

नेपालबाट हालसम्म पाँच सम्मेलनमा राष्ट्र/सरकार प्रमुख स्तरबाट सहभागिता भएको छ । सन् २००९ डेनमार्कको कोपनहेगनमा भएको १५ औँ सम्मेलनमा तत्कालीन प्रधानमन्त्री माधव नेपाल, सन् २०१८ मा पोल्यान्डमा भएको २४ औँ सम्मेलनमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी, सन् २०२१ मा संयुक्त अधिराज्यको स्कटल्यान्डमा भएको २७ औँ सम्मेलनमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा, सन् २०२३ मा युएईको दुबईमा भएको कोप-२८ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र गत वर्ष अजरबैजानको बाकुमा भएको कोप-२९ सम्मेलनमा वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वको नेपालले उच्चस्तरीय सहभागिता जनाएको थियो ।

उच्चस्तरीय प्रतिनिधित्वले सम्बन्धित मुलुकले सम्मेलनलाई कति गम्भीर रूपमा लिएको छ भन्ने सन्देश जाने र यसले निर्णय क्षमता र कार्यान्वयनमा ठुलो महत्त्व राख्ने कूटनीतिक विषयका जानकारहरूको भनाइ छ । वैज्ञानिक अध्ययनअनुसार हिमाली क्षेत्रको तापक्रम वर्तमान तथा भविष्यमा विश्वको औसत तापक्रमको दाँजोमा ०.३ डिग्री सेल्सियसदेखि ०.७ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ । परिवर्तित जलवायुका कारण नेपालमा पछिल्लो समय मनसुनी वर्षाको प्रकृति, मात्रा तथा समय तालिकामा व्यापक हेरफेर देखिन थालेको छ । यसप्रकारको हेरफेरका कारण उत्पन्न हुने जलवायुजन्य प्रकोप र विपद्ले गर्दा नेपाली जनताले बहुपक्षीय चुनौतीको सामना गर्नु परिरहेको छ ।

# कर्जा मिनाहा....

संचालकबाट हेपुवा र चेपुवामा परेका कामदारको हिमचिम तत्कालीन विद्रोही माओवादी सँग बढ्यो । कैलालीको पूर्वी क्षेत्रमा प्रवेश गर्न नसकेको माओवादीका लागि उद्योगको कदम फलदायी भयो । २०५८ सालमा पहिलो पटक उद्योगमा कर्मचारी युनियनको प्रवेश भयो। नेपाली काँग्रेस, नेकपा एमाले, नेमकिपाको श्रमिक संगठन घोषणा भए भने भुमिगत रूपमै माओवादीले संगठन बनायो । उद्योग संचालनका क्रममा २०५९ तिर उद्योगमा पहिलो पटक माओवादीले बम विस्फोट गरायो। उद्योगको गेट बाहिर बम विस्फोट गराएर माओवादीले चन्दा आतँक नै मच्चायो । २०६१ सालमा पहिलो पटक बन्द भएको मिल केही समयपछि सुचारु भयो । सुचारु भएको वर्ष दिन नपुग्दै २०६३ मा बन्द भएको मिलमा हालसम्म पनि १३ जना सुरक्षा गार्ड खण्डहर कुरेर बसेका छन् । २०६२ सालतिर अरुण चन्दलाई माओवादीले अपहरण गरी १३ दिनसम्म बन्धक बनाए। त्यसपछि सुरक्षाको वातावरण नभएको भन्दथे मिललाई बन्द गराइयो।

**बैंकको ऋण र मिनाहा पनि संचालन भएन मिल**

सशस्त्र द्वन्द्व चरमोत्कर्षमा पुगेका बेला सुरक्षाको कारण दिउँसो मात्र सञ्चालन हुन थालेपछि पूर्ण क्षमतामा सञ्चालन नहुँदा घाटामा गो। जसका कारण पहिलो पटक २०५६ मा कर्जा तिर्न नसकेको मिलले फेरि लय समात्यो तर २०६३ मा देश शान्ति प्रक्रियामा गयो र उद्योग पनि सधैंका लागि ताला लाग्यो । कृषि विकास बैंक, नेपाल औद्योगिक विकास निगम, राष्ट्रिय वाणिज्य बैंक, कर्मचारी सञ्चय कोष, नेपाल बैंक लिमिटेड र नागरिक लगानी कोषको ५७ करोड २७ लाख २८ हजार ऋण लगानी छ। त्यस्तै, सञ्चालक चन्दको २५ करोड ६४ लाख ३४ हजार लगानी छ। मिल बन्द भएपछि बैंकलाई ऋण तिर्न समस्या भयो। त्यसपछि बैंकले मिललाई कालोसूचीमा राख्यो। सरकारले पुनःसञ्चालनका लागि लगानी लागि २०६९ सालमा देशका १० वटा रुग्ण उद्योगको सूची जारी गरेको थियो। त्यसमा यो मिल पनि थियो। सरकारले बैंकको ब्याज मिनाहा गराई पुनः कर्जा दिएर पुनःसञ्चालनमा ल्याउन सकिने व्यवस्था छ। सोही व्यवस्थालाई ध्यानमा राखेर पूर्व प्रधानमन्त्री माधव नेपाल नेतृत्वको सरकारले कर्जा मिनाहाको प्रस्ताव ल्यायो र मन्त्रिपरिषद्ले पारित समेत गऱ्यो। कर्जा मिनाहाका लागि उद्योग संचालन गर्नुपर्ने सर्त राखियो । अन्य उद्योग आंशिक संचालनमा आए पनि यो उद्योग भने आउन सकेन ।

'कम्पनीले दुई चरणमा गरेर ऋण लिएको छ। त्यसपछि पछिल्लो पटक लिएको ऋण नियमित भुक्तानी भइरहेको छ' बैंक स्रोतले भन्यो, 'अगाडि गएको ऋण भुक्तानी भएको छैन। त्यसको पुनर्संरचना गरेर नियमित भुक्तानी गर्न सक्ने बनाउने गरी काम भइरहेको छ।' अरुण चन्दले लिएको यो ऋण बैंकहरुले वासलातबाट 'अपलेखन' गरिसकेका छन्। अपलेखन गरिसकेको ऋणलाई पुनर्संरचना गर्नुअघि नियामक राष्ट्र बैंकको स्वीकृति आवश्यक पर्छ।

अरुण चन्दले कारखाना चलाउनका लागि सर्लाहीमा करिब ७० करोड रुपैयाँ थप लगानी गरेको जानकारी बैंकहरुलाई गराइसकेका छन्। बैंकले अध्ययन गर्दा पनि केही पैसा लगानी भएको देखिन्छ। 'मिल चलाउने नै उद्देश्य देखिन्छ। त्यसो हुँदा ऋण पुनर्संरचना गरेर नियमित गरिदिँदा चल्छ भने त्यसका लागि किन तयार नहुने भनेर हामीले निर्णय गरेका हौं' स्रोतले भन्यो, 'चन्दले केही पैसा मागेका पनि छन्। त्यस बारेमा पनि छलफल गर्नु पर्ने छ।' कम्पनीले मिललाई पूर्ण रुपमा सञ्चालन गर्नका लागि ४० करोड रुपैयाँ माग गरेको छ। 'उत्पादनमूलक उद्योग भएको तथा कृषिलाई समेत योगदान पुऱ्याएको अवस्था छ' बैंक स्रोतले भन्यो, 'सयौंलाई रोजगारी पनि उपलब्ध गराएको छ। यसो हुँदा चल्न सक्ने सम्भावना भएको उद्योगलाई जोगाउनु पर्छ भन्ने हाम्रो कुरा हो।

**कर्मचारीको तलब र किसानको भुक्तानी अझै बाँकी**

राजनीतिक परिवर्तनसँगै राज्य व्यवस्थामा परिवर्तन आएको छ। १० वर्षे सशस्त्र द्वन्द्वकालका योजनाकारहरू सत्तासीन छन्। तर त्यही द्वन्द्वको चेपुवामा परी बन्द भएको विकास र समृद्धिसँग जोडिएको मिल चाहिँ अझै उठ्न सकेको छैन। मिल सञ्चालक चन्दका अनुसार १४ हजार ५०० उखु किसानलाई तीन करोड ३५ लाख रुपैयाँ भुक्तानी गर्न बाँकी छ। सबैजसो कैलाली, कञ्चनपुर, बाँके र बर्दियाका उखु किसान हुन्। मिल बन्द भएपछि त्यहाँ कार्यरत कर्मचारीले पनि तलब पाएका छैनन्। मिलका संचालक चन्दले मिलको सुरक्षाका लागि १५ सुरक्षा गार्ड र एक कार्यकारी अधिकृत समेत व्यवस्था गरेका छन् । सुरक्षा गार्डले चार्ड पर्व आउँदा मात्रै खर्च पाउने गरेका छन् । भने उनीहरूले नै मिलको जग्गामा खनजोत गर्दै आएका छन् । मिलको नाममा रहेको साढे ५२ बिघा मध्य केही अधियाँमा दिएर मिलको कार्यालय संचालन तथा कार्यकारी प्रमुख डबल शाहको खर्च व्यवस्थापन गरिँदै आएको छ । कार्यकारी प्रमुख शाह कर्मचारीलाई वर्षौंको तलब दिन बाँकी रहेको स्वीकार गर्छन्। "भुक्तानीका लागि मिल सञ्चालनमा आउन जरुरी छ," उनी भन्छन्।

**विदेशी साझेदार खोज्दै**

मिल पुनः संचालनमा ल्याउँदा यसमा विदेशी साझेदार भित्र्याउन समेत लागिएको संचालक चन्दको भनाइ छ। यसअघि पनि यसमा विदेशी साझेदार ल्याउने प्रसंग नउठेको होइन। भारत लगायत विभिन्न देशका आधा दर्जन बिजनेस ग्रुपहरूसँग बासुलिङ्गमा साझेदारीका लागि कुरा भएको थियो। तथापि उनीहरुले पुरानो ऋण व्यवस्थापन तथा नीतिगत प्रक्रियाका विषयमा सकारात्मक जवाफ नपाएपछि लगानीका लागि हच्किएका थिए। यति बेला भने विदेशी साझेदारहरूसँग एक चरणको पुनर्निर्माणको काम गरेपछि लगानी र प्रविधि समेत ल्याउने प्रतिबद्धतासहित सम्झौता गर्न लागिएकाले प्रगति पहिलेको भन्दा फरक र सुनिश्चित रहेको दाबी गरिएको छ। 'प्रस्तावित विदेशी साझेदारसँगको सम्झौता अन्तिम चरणमा रहेको छ। 'तपाईंहरू उद्योगको ऋण व्यवस्थापन, रुग्ण उद्योगले पाउने सहुलियतका कुराहरूलाई एक स्टपे अगाडी बढाउनुस् भन्नुभएको छ विदेशी साझेदारले,' चन्द भन्छन्, 'उहाँहरूले यसो भन्नुको कारण यसअघि विदेशी साझेदारीका सम्बन्धमा यहाँका सम्बन्धित निकायहरूबाट उनीहरुले सकारात्मक र सहयोगी जवाफ नपाएकाले नै हो।'

**१० मेगावाट विद्युत् पनि उत्पादन गर्ने**

यसअघि उद्योगलाई आवश्यक पर्ने पाँच मेगावाट विद्युत् उद्योगले मोलासिस उत्पादनका दौरान निस्किने खोस्टा प्रयोगबाट थर्मल प्लान्टमार्फत आफैं उत्पादन गरिरहेको थियो। अब भने उद्योगले त्यसमा पाँच मेगावाट थप गरी कुल १० मेगावाट विद्युत् उत्पादन गर्ने योजना रहेको चन्दले बताए। यो उत्पादनमध्ये केही विद्युत् प्राधिकरणलाई समेत बिक्री गर्ने मिलको योजना छ।

**नेपालको सबैभन्दा आधुनिक प्रविधिको हुने**

उद्योगलाई फेज १ र फेज २ गरी दुई चरणमा काम गरेर सञ्चालनमा ल्याउने तयारी भएको बुझिएको छ। तर दुवै चरणका काम सँगसँगै जसो अघि बढ्ने बताइएको छ। जसमध्ये पहिलो चरणमा मिलका पुराना दायित्वहरू चुक्ता गर्ने योजना छ। पुरानो ऋण र अन्य दायित्व गरेर ६५ करोड रुपैयाँ तिर्न बाँकी छ। यससहित पहिलो चरणमा कुल सवा एक अर्ब रुपैयाँ लगानी चाहिने बताइएको छ। दोस्रो चरणमा उद्योगका लागि चाहिने नयाँ प्रविधिसहितका मेसिनरी तथा उपकरणहरू भित्र्याइने छ। साथै, उद्योग संचालनका लागि आवश्यक वर्किन क्यापिटलको व्यवस्थापनलाई पनि यही चरणमा राखिएको छ। यो दुवैका लागि कुल ७५ करोड रुपैयाँ लगानी आवश्यक पर्ने चन्दको भनाइ छ। मिलसँग करिब ५५ बिगाहा जग्गा छ। त्यो बाहेक जग्गा, थप भवन र नयाँ मेशिनरी लगायतका स्थिर सम्पत्तिको मूल्यांकन बढ्ने भएकाले थप ऋण पाउने चन्दको विश्वास छ। यदि धितो नपुग भए अन्य ठाउँको जग्गाजमिन पनि धितो राख्ने उनको योजना छ।

नेपालको चिनी उद्योगको इतिहासमा अहिलेसम्मकै अत्याधुनिक प्रविधि ल्याएर काम गर्न लागेको चन्दले बताए। 'बैंकहरुसँग ऋण सम्झौता हुने बित्तिकै हामी प्रोजेक्टको काम अगाडि बढाउँछौं,' चन्दले भने।

**विदेशमा समेत चिनीको निर्यात**

उद्योगले पोर्चुगलसम्म चिनी निर्यात गर्न थालेको थियो । दैनिक २५ हजार क्विन्टल उखु पेल्ने गरेको उद्योगले वार्षिक २ लाख क्विन्टल चिनी उत्पादन गरेको थियो । त्यसबाट उखु किसानहरूले २० करोड रुपैयाँसम्म पाएका थिए । त्यस बेला उद्योगले उखुका बिरुवा, मल खाद र जोताइको अग्रिम खर्चसमेत दिएर उत्साहित पारेपछि सुदूर पश्चिमेलीहरू उखु खेतीमा हौसिएका थिए।

**लगानीको प्रमुख मुद्दा बासुलिङ सुगर मिल**

सुदूरपश्चिमकै सबैभन्दा ठुलो उद्योगको रुपमा रहेको रुग्ण बासुलिङ्ग सुगर मिलको गत वर्ष प्रतिनिधि सभा संसदीय उपसमितिले अनुगमन गरेको छ । उपसमितिका संयोजक कृष्णकुमार श्रेष्ठ (किसान)ले दुई दशकदेखि बन्द रहेको बासुलिङ्ग चिनी मिल पुनः सञ्चालनका लागि आफूहरू स्थलगत अनुगमनमा आएको बताए । रुग्ण अवस्थामा रहेको मिलको चिनी उद्योग तथा उखु किसानका समस्या समाधान र सुझाव उपसमितिले स्थलगत अनुगमन गरेको हो।

प्रतिनिधि सभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको चिनी उद्योग तथा उखु किसानका समस्या समाधान र सुझाव उपसमितिले कैलालीमा रहेको चिनी मिलको अनुगमन गरेको थियो । समितिले यसै वर्ष भित्र लगानी टुँगाएर आगामी वर्षबाट उद्योग संचालनमा ल्याउन सरोकारवाला पक्षसँग छलफल तथा परामर्श गरी कानुनको आवश्यक संशोधन गर्न सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिएको छ।

त्यस्तै सुदूरपश्चिम प्रदेश सरकारले आयोजना गर्ने लागानि सम्मेलनमा प्रथम स्थानमा यस उद्योगलाई राखिएको मुख्यमन्त्री कमल बहादुर शाहले बताए। उनले यसमा लगानीका लागि चौधरी समूहका अध्यक्ष समेत रहेका सांसद विनोद चौधरी सँग बारम्बार कुरा भएको र लगानीको मोडल अन्तिम तयारीमा रहेको बताए।

# शरद ओझा....

ओझाले पेस गरेको अनुभवको प्रमाणपत्रमा कीर्ते गरेको पाइएको भन्दै उनको नियुक्तिविरुद्ध अख्तियारमा उजुरीदेखि अदालतमा रिटसमेत परेको थियो । रिटउपर सर्वोच्च अदालतले अन्तरिम आदेश दिन नमानेको र अग्राधिकार कायम गरे पनि नयाँ पेसी मंसिरमा सारिदिएपछि ओझा 'सेफ पोजिसन'मा पुगेका थिए। तर, अख्तियारको तीव्र दबाबपछि उनीमाथि कारबाही गर्न सरकारलाई दबाब परेको थियो । अर्थमन्त्री र मुख्यसचिवले राजीनामा गर्न दिएको सुझाव बेवास्ता गरेपछि उनीमाथि छानबिन समिति गठन गर्न सरकार बाध्य भएको थियो । त्यसो त, अध्यक्ष नियुक्ति भएपछि पनि विषयगत मन्त्रालयलाई नटेर्ने प्रवृत्तिले मन्त्रालयका अधिकारीहरू उनीप्रति आजित रहँदै आएका थिए । प्राधिकरणका विभिन्न नीतिगत निर्णय तथा निर्देशनमा तालुकदार मन्त्रालय र मन्त्रीसँग सामान्य समन्वय समेत नगर्ने गरेको आरोप ओझामाथि लाग्दै आएको थियो।

ओझा नियुक्ति भएपछि प्राधिकरणभित्र कर्मचारी जिम्मेवारी फेरबदल गरे । प्राधिकरणको संरचनागत परिवर्तनदेखि, बीमा क्षेत्रको नीति तथा कार्यक्रम सार्वजनिक गर्ने लगायतमा पनि मन्त्रालयलाई शिष्टाचार व्यवहार नगरिएकोमा अर्थमन्त्री सन्तुष्ट थिएनन् । यसपटक बीमा प्राधिकरणको वार्षिकोत्सवमा समेत अर्थमन्त्री उपस्थिति थिएन । यसले अध्यक्ष र मन्त्रालयबिचको सम्बन्ध राम्रो नभएको प्रस्ट भएको थियो । बीमा ऐनले खराब आचरण भएको, कार्यक्षमताको अभाव भएको र पदीय जिम्मेवारी पालना नगरेको आधारमा पदमुक्त गर्न सक्ने व्यवस्था गरेको छ। यसरी पदमुक्त गर्दा अवकाशप्राप्त उच्च अदालतका पूर्व न्यायाधीशको संयोजकत्वमा स्नातकोत्तर उपाधि हासिल गरी बीमा वा आर्थिक क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव भएका व्यक्तिमध्येबाट सरकारले नियुक्त गरेका दुई जना हुनुपर्ने व्यवस्था छ । बीमा प्राधिकरणका कर्मचारीको सेवा सुविधा बढाउने विषयमा अर्थ मन्त्रालयको सहमति चाहिन्छ। यसका लागि प्रस्ताव पठाउनुअघि नै मन्त्रालयमा छलफल गर्नुपर्ने भए पनि सल्लाहबिनै कर्मचारीको सेवा सुविधा बढाउनुपर्ने प्रस्ताव गरेर पठाएको थियो।

त्यसो त, बीमा ऐनले खराब आचरण भएको, कार्यक्षमताको अभाव भएको र पदीय जिम्मेवारी पालना नगरेको आधारमा पदमुक्त गर्न सक्ने व्यवस्था गरेको छ। यसरी पदमुक्त गर्दा अवकाशप्राप्त उच्च अदालतका पूर्व न्यायाधीशको संयोजकत्वमा स्नातकोत्तर उपाधि हासिल गरी बीमा वा आर्थिक क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव भएका व्यक्तिमध्येबाट सरकारले नियुक्त गरेका दुई जना हुनुपर्ने व्यवस्था गरिएको छ। ऐनमा भएको सबै विषयमा छानबिन गर्न सक्ने गरी अहिलेको समितिलाई कार्यादेश दिएको देखिन्छ।

**नियुक्ति प्रक्रियामै पहिलो छानबिन**

ओझाले प्राधिकरणको अध्यक्ष बन्न विभिन्न मिडियामा काम गरेको योग्यता पेस गरेका थिए । त्यस्तै, नेपाल उद्योग वाणिज्य महासङ्घमा कन्सल्टेन्टको भूमिकामा काम गरेको, हतियारसम्बन्धी एउटा कम्पनीको व्यवस्थापनमा रहेर काम गरेको लगायत विवरणसमेत पेस गरिएको थियो। तर, मिडिया बाहेक अन्य संस्थामा उनले काम नगरेको र अर्कै प्रयोजनको लागि डकुमेन्ट बनाउन लगाएर प्राधिकरणको अध्यक्षका लागि पेस गरेको आरोप उनीमाथि थियो । मिडियामा सञ्चालक रहेको उनको अनुभवको प्रमाणपत्र समेत नक्कली पाइएको समितिको रिपोर्टमा जनाइएको छ।

# पहिलो महिना.....

करोड ५२ लाख ४५ हजार रुपैयाँ लगानी प्रतिबद्धता आएको छ। यस्तै, उत्पादनमूलक क्षेत्रका तीन परियोजनामा १५ करोड ५० लाख रुपैयाँ, ऊर्जाका एक परियोजनामा १८ करोड ४२ लाख ५० हजार रुपैयाँ र सेवा क्षेत्रका आठ परियोजनामा ३३ करोड ५० लाख रुपैयाँ लगानी प्रतिबद्धता आएको छ। साउनमा प्रतिबद्धता जनाएअनुसार लगानी आउँदा आठ हजार दुई सय ६८ जनाले रोजगारी पाउने विभागको तथ्यांकमा उल्लेख छ। समीक्षा महिनामा सेयर खरिद-बिक्री र सेयर सब्स्क्रिप्सनबापत आठ परियोजनामा एक अर्ब ९९ करोड ९० लाख रुपैयाँ लगानी प्रतिबद्धता आएको छ। यसैगरी पाँचवटा प्रविधि हस्तान्तरणसम्बन्धी सम्झौता भएको विभागको भनाइ छ। पहिलो महिना झन्डै तीन अर्ब लाभांश बाहिरियो । चालू आवको पहिलो महिनामै लाभांशबापत दुई अर्ब ९० करोड ७७ लाख ८९ हजार रुपैयाँ बाहिरिएको छ। गत आवको साउनमा ६ करोड ४० लाख रुपैयाँ मात्रै लाभांश बाहिरिएको थियो। विदेशी लगानीकर्ताले गत आवको कारोबारको लेखा परीक्षण गरेर लाभांश लैजान समय लाग्छ। सम्भवतः यो लाभांश अघिल्लो आवको भएको विभागका कर्मचारीहरू बताउँछन्। समीक्षा महिनामा रोयल्टीमार्फत नेपाली रुपैयाँमा १८ करोड ४० लाख र भारुमा १९ लाख १७ हजार बाहिरिएको छ। यस्तै, सेवा शुल्कबापत नेपाली रुपैयाँमा नौ करोड एक लाख १४ हजार, डलरमा २० हजार चार सय, भारुमा ४४ लााख ९० हजार र युरोमा १२ हजार बाहिरिएको विभागको तथ्यांकमा उल्लेख छ।

# राष्ट्र बैंकले पोलिसी रेट घटाएपछि भदौका लागि पनि बैंकहरूले घटाए ब्याजदर

काठमाडौं । बैंकहरूले निक्षेपको ब्याजदर झनै घटाएका छन् । वाणिज्य बैंकहरूले भदौका लागि प्रकाशन गरेको नयाँ ब्याजदरअनुसार निक्षेपको अधिकतम ब्याजदर औसतमा ०.१८ प्रतिशत बिन्दुले कम भएको हो । २० वाणिज्य बैंकहरूमध्ये ८ बैंकले निक्षेपमा दिने अधिकतम ब्याजदर घटाएका छन् । १२ वटाले यथावत राखेका छन् । प्रकाशित ब्याजदरअनुसार, साउनका लागि ब्याजदर बढाएको स्ट्यान्डर्ड चार्टर्डले भदौका लागि सबैभन्दा धेरै घटाएको हो । छोटो अवधिको मुद्दती निक्षेपमा सबै जसो बैंकहरूको ब्याजदर ५ प्रतिशतभन्दा तल रहेको देखिन्छ । २ वर्षभन्दा बढी अवधिको निक्षेपमा भने बैंकहरूले न्यूनतम ५ देखि अधिकतम ६.२५ प्रतिशत ब्याजदर दिने भएका छन् । सबैभन्दा धेरै आधारदर भएको एनआईसी एशिया बैंकले भदौमा ५ वर्ष वा सोभन्दा माथिको व्यक्तिगत मुद्दती निक्षेपमा अधिकतम ६.२५ प्रतिशत ब्याजदर दिने भएको हो।

एनएमबिले ५ वर्ष वा सोभन्दा माथिको व्यक्तिगत मुद्दती निक्षेपमा ६ प्रतिशत ब्याजदर दिँदा ग्लोबल आईएमई र माछापुच्छे बैंकले ३ वर्षभन्दा माथिको मुद्दती निक्षेपमा ६ प्रतिशत ब्याजदर दिने भएका छन् । यस्तै, प्राइमले २ वर्षमाथिको मुद्दती निक्षेपमा ६ प्रतिशत ब्याजदर प्रस्ताव गर्दा हिमालयनले ५ देखि १० वर्ष अवधिको व्यक्तिगत मुद्दती निक्षेपमा ६ प्रतिशत ब्याजदर दिने भएको हो । यी ५ वटै बैंकले साउनको भन्दा भदौमा मुद्दती निक्षेपको अधिकतम ब्याजदर परिवर्तन गरेका छैनन् । एभरेष्टले भने व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम ब्याजदर घटाएको छ। बैंकले साउनमा ६.२५ प्रतिशत ब्याजदर दिएकोमा भदौका लागि ०.५ प्रतिशत बिन्दुले घटाएर ५ वर्षमाथिको मुद्दती निक्षेपमा ५.७५ प्रतिशत ब्याजदर दिने भएको हो । सानिमाले पनि साउनको ६.१८ प्रतिशतबाट ०.४३ प्रतिशत बिन्दुले घटाएर ५.७५ प्रतिशत बनाएको छ। ५ वर्षमाथिको व्यक्तिगत मुद्दती निक्षेपमा उक्त ब्याज पाइने बैंकले जनाएको छ। नबिलले ५ वर्षमाथिको व्यक्तिगत मुद्दती निक्षेपमा ५.५ प्रतिशत ब्याजदर दिँदा राष्ट्रिय वाणिज्य बैंकले २ वर्षमाथिको व्यक्तिगत मुद्दती निक्षेपमा ५.५ प्रतिशत ब्याजदर दिने भएको हो।

सिटिजन्सले पनि २ वर्षमाथिको व्यक्तिगत मुद्दती निक्षेपमा ५.५ प्रतिशत ब्याज दिनेछ। ३ वटै बैंकको साउनमा पनि अधिकतम ब्याजदर ५.५ प्रतिशत नै थियो । सिद्धार्थ बैंकले भने साउनमा व्यक्तिगत मुद्दती निक्षेपमा ५.५७ प्रतिशत रहेको ब्याज भदौमा ०.२५ प्रतिशत बिन्दुले घटाएर २ वर्षभन्दा बढी अवधिका लागि ५.५ प्रतिशत ब्याजदर दिने भएको छ।

नेपाल बैंकले ५ वर्षमाथिको व्यक्तिगत मुद्दती निक्षेपमा ५.४ प्रतिशत ब्याजदर प्रकाशित गरेको छ। साउनको भन्दा बैंकले ब्याजदर परिवर्तन गरेको छैन। प्रभुले साउनको भन्दा ब्याजदर परिवर्तन गरेको छैन । साउनमा ४.३५ प्रतिशत प्रकाशित गरेकोमा भदौमा पनि १० वर्षभन्दा माथिको व्यक्तिगत मुद्दती निक्षेपमा बैंकले ५.३५ प्रतिशत नै ब्याजदर दिने भएको हो। नेपाल एसबिआई बैंकले साउनमा ५.३५ प्रतिशत रहेको व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम ब्याजदर भदौमा ०.१ प्रतिशत बिन्दुले घटाएर ५.२५ प्रतिशत बनाएको छ। ३ वर्षभन्दा माथिको निक्षेपमा उक्त ब्याज पाइनेछ। नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम ब्याजदर ५.२५ प्रतिशत यथावत छ। २ वर्षभन्दा माथिको व्यक्तिगत मुद्दती निक्षेपमा उक्त ब्याज पाइनेछ। कुमारी बैंकले व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम ब्याजदर ०.४ प्रतिशत बिन्दुले घटाएर ५.२१ प्रतिशत बनाएको छ। २ वर्षभन्दा माथिको निक्षेपमा उक्त ब्याज पाइनेछ।

स्ट्यान्डर्ड चार्टर्ड बैंकले व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम ब्याजदर ६.२६ प्रतिशतबाट १.१३ प्रतिशत बिन्दुले घटाएर ५.१३ प्रतिशतमा झारेको छ । ५ वर्षभन्दा माथिको निक्षेपमा बैंकमा उक्त ब्याजदर पाइनेछ। लक्ष्मी सनराइज बैंकले पनि व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम ब्याजदर ५.५ प्रतिशतबाट ०.५ प्रतिशत बिन्दुले घटाएर ५ प्रतिशत बनाएको छ। ५ वर्षभन्दा माथिको निक्षेपमा बैंकमा उक्त ब्याज पाइनेछ। गत असारमा ल्याएको मौद्रिक नीतिमार्फत नेपाल राष्ट्र बैंकले ब्याजदर कोरिडोरका सबै दर घटाएसँगै बैंकहरूले साउनका लागि ब्याजदर घटाएका थिए। भदौमा पनि थप घट्ने क्रम देखिएको हो। आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिमार्फत केन्द्रीय बैंकले बैंकदरलाई ६.५ प्रतिशतबाट ६ मा, नीतिगत दरलाई ५ बाट ४.५ मा र निक्षेप संकलन दरलाई ३ बाट २.७५ प्रतिशतमा झारेको थियो।

फ्लोर रेटको रुपमा रहेको निक्षेप संकलन दर घटाएसँगै बैंकहरूले बचतको न्यूनतम ब्याजदर पनि साउनबाट नै सोही अनुसार घटाएका छन् । निक्षेप संकलन दरमा स्थायी निक्षेप सुविधा दिएको राष्ट्र बैंकले त्यसभन्दा तल बचतको ब्याजदर घटाएमा उक्त सुविधा लिन पाउँदैनन् । सोही कारण निक्षेप संकलन दर ३ प्रतिशत हुँदा बचतको न्यूनतम ब्याजदर पनि ३ प्रतिशतभन्दा तल झरेको थियो। तर, केन्द्रीय बैंकले पोलिसी रेट नै घटाएर बैंकहरूलाई ब्याजदर थप घटाउने बाटो दिएको हो। बचतको ब्याजदरसँगै बैंकहरूले मुद्दती निक्षेपको ब्याजदर पनि घटाएका छन् । २ वाणिज्य बैंकको आधारदर ५ प्रतिशतभन्दा तल झरिसकेको अवस्था छ। अझै थप ब्याजदर घट्दा कर्जा अझ सस्तो हुने देखिन्छ।

# कुमारी बैंक र इन्द्रप्रस्थ अपोलो हस्पिटल नयाँ दिल्लीबीच सम्झौता




काठमाडौं । कुमारी बैंक लिमिटेड र इन्द्रप्रस्थ अपोलो हस्पिटल (इन्द्रप्रस्थ मेडिकाल कर्पोरेशन लिमिटेड), नयाँ दिल्लीबीच कुमारी बैंक लिमिटेडका ग्राहक महानुभावहरुलाई हस्पिटलबाट प्रदान गरिने स्वस्थ्य सेवामा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ । यस सम्झौता अनुसार हस्पिटलबाट प्रदान गरिने सेवाहरुमा ग्राहकहरुलाई ष्लउबतष्भलत तथा यगतउबतष्भलत सेवा सुविधामा अधिकतम १०% सम्मको विशेष छुट प्रदान गरिनेछ ।

विगत २४ वर्षदेखि नेपाली बैकिङ्ग क्षेत्रलाई निरन्तर सेवा प्रदान गर्दै आएको कुमारी बैंक लिमिटेडले स्वास्थ्य सेवा प्रवाहमा विशेष प्राथमिकता दिँदै, देशभर रहेका ३०२ शाखा, ३१८ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ४८ शाखारहित बैंकिङ इकाइहरूमार्फत ग्राहकवर्गलाई सुरक्षित, भरपर्दो र उच्चस्तरीय सेवा सुविधा उपलब्ध गराउँदै आएको छ ।

ग्राहकको स्वास्थ्य सुरक्षालाई संस्थागत जिम्मेवारीको रूपमा लिँदै, बैंकद्वारा देश तथा विदेशका प्रतिष्ठित अस्पतालहरूसँग विशेष छुटसम्बन्धी सम्झौताहरू गरिएका छन्, जसले गुणस्तरीय स्वास्थ्य सेवामा सहज र प्रभावकारी पहुँच सुनिश्चित गरेको छ । बदलिँदो समयसँग समन्वय गर्दै, सेवामा निरन्तर सुधार र थप सुविधा विस्तार गर्नुपर्ने आवश्यकतालाई आत्मसात गर्दै, बैंकले आगामी दिनहरूमा अझ व्यापक र सुलभ सेवाहरू सुनिश्चित गरिने अठोट व्यक्त गरेको छ ।

# कामना सेवा विकास बैंक र लेमन ट्री प्रीमीएरबीच छुट सम्झौता




काठमाडौं। कामना सेवा विकास बैंकले काठमाडौं, बुढानिलकण्ठस्थित लेमन ट्री प्रीमीएरसँग सेवा शुल्क छुटसम्बन्धी सम्झौता गरेको छ । सम्झौताअनुसार, बैंकका कर्मचारी र ग्राहकहरूले अकोमोडेसन, फुड तथा बेभरेज सेवामा १५ प्रतिशत र स्पा सेवामा २० प्रतिशत छुट पाउनेछन् । ग्राहकहरूले बैंकसँगको आबद्धताको प्रमाण पेश गरेपछि सहजै यो सुविधा प्राप्त गर्न सक्ने व्यवस्था गरिएको बैंकले जनाएको छ।

सम्झौतामा बैंकका तर्फबाट काठमाडौं क्षेत्र प्रमुख केदारनाथ शर्मा र होटलका प्रमुख सञ्चालन अधिकृत यादव प्रसाद पाण्डेले हस्ताक्षर गरेका छन् । बैंकले यस सम्झौताबाट ग्राहक र कर्मचारीहरूले लाभ लिन सक्ने विश्वास लिएको छ।

# नेपाल इन्भेष्टमेण्ट मेगा बैंकबाट ६.२९% मा गाडी कर्जा




काठमाडौं । नेपाल इन्भेष्टमेण्ट मेगा बैंकले विशेष सुविधासहितको गाडी कर्जा योजना सार्वजनिक गरेको छ । यस योजना अन्तर्गत बैंकका ग्राहकवर्गले आकर्षक ब्याजदरमा सजिलैसँग गाडी खरिद गर्न सक्नेछन् । बैंकले हालको लागि गाडी कर्जाको ब्याजदर केवल ६.२९% (२०८२ भाद्र महिनाको आधारदर ५.७९ प्रतिशत मा ०.५ प्रतिशत थप गरि हुन आउने ६.२९ प्रतिशत) कायम गरेका छ ।

आगामी दसैं, तिहार तथा छठ पर्वलाई लक्षित गर्दै ल्याइएको यस योजनाले चाडपर्वको उत्सवमा नयाँ गाडीको सपना पुरा गर्न चाहने ग्राहकवर्गहरुलाई थप सहजता हुने बैंकले अपेक्षा गरेको छ ।

सिमित समयका लागि मात्र लागू रहने यस विशेष सुविधा नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडका देशभरका शाखाहरुबाट लिन सकिनेछ । बैंकले हाल २७५ शाखा, ६५ एक्सटेन्सन काउन्टर, २६४ एटीएम एवं ६० शाखारहित बैंकिङ्ग मार्फत अत्याधुनिक बैंकिङ्ग सेवा प्रदान गरिरहेको छ ।

# सन नेपाल लाइफ इन्स्योरेन्सद्वारा एएमटी/सिएफटी तालिम सम्पन्न

काठमाडौं । सन नेपाल लाइफ इन्स्योरेन्सले आफ्ना कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा नियामक पालना सुनिश्चित गर्ने उद्देश्यले Anti Money Laundering (AML) र Combating the Financing या Terrorism (CFT) सम्बन्धी विशेष तालिम सम्पन्न गरेको छ। तालिम मकवानपुरको नगरकोटस्थित रत्नागिरि रिसोर्टमा आयोजना गरिएको हो। कार्यक्रममा कम्पनीका कानून विभाग प्रमुख सुबास भण्डारीले प्रशिक्षण प्रदान गरेका थिए।

उनले मनी लन्डरिङ र आतङ्कवादी वित्तीयकरण जस्ता विश्वव्यापी चुनौतीहरूले बीमा क्षेत्रमा पार्न सक्ने सम्भावित प्रभावबारे प्रकाश पार्दै समयमै सचेत रहनुपर्ने आवश्यकता औंल्याउनुभयो। साथै AML/CFT सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड, नेपाल सरकार तथा बीमा प्राधिकरणका निर्देशिका र दैनिक कार्यान्वयनमा पालना गर्नुपर्ने व्यावहारिक प्रक्रियाबारे विस्तृत प्रशिक्षण दिए । कार्यक्रममा कोशी, मधेश र बागमती प्रदेशका शाखा प्रमुखहरूको उपस्थिति रहेको थियो। साथै कम्पनीका प्रमुख बजार अधिकृत गणेश चौलागाईंसहित अन्य पदाधिकारीहरूको पनि सहभागिता थियो। हाल सन नेपाल लाइफ इन्स्योरेन्सले देशभरका १४३ शाखामार्फत जीवन बीमा व्यवसाय संचालन गरिरहेको छ।

# युरो मनी अवार्ड फर एक्सिलेन्स २०२५: बाट नबिल बैंक सम्मानित





काठमाडौं । नेपालको अग्रणी बैंक नबिल बैंक लिमिटेडले 'युरो मनी अवार्ड फर एक्सिलेन्स, २०२५: बेस्ट बैंक फर सस्टेनेबल फाइनान्स' अवार्डबाट सम्मानित भएको छ । युरो मनी म्यागजिनद्वारा स्थापित यो अवार्ड बैंकिङ क्षेत्रको एक प्रतिष्ठित अन्तर्राष्ट्रिय अवार्ड हो । नबिलले वार्षिक रुपमा गरेका दिगो बैंकिङका विभिन्न कार्यक्रमको उच्च मूल्याङ्कन गर्दै उक्त अवार्ड प्रदान गरिएको हो । बैंकले ग्राहकहरूलाई उपलब्ध गराउँदै आएको बैंकिङ सेवा, प्रविधिको प्रयोग, दिगोपना क्षेत्रमा गरेको पहल लगायतका आधारमा उक्त अवार्ड प्रदान गरिएको बैंकले जनाएको छ । यो अवार्डलाई बैंकिङ क्षेत्रको मापदण्ड र अन्तर्राष्ट्रिय मान्यता र विश्वसनीयताको आधारका रुपमा पनि लिइन्छ ।

नबिल बैंकले विगत पाँच वर्षदेखि नेपालको दिगो विकास लक्ष्य (एसडिजी)लाई आत्मसात गर्दै आफ्नो कारोवारमा वातावरणीय, सामाजिक र सुशासन सम्बन्धित सिद्धान्त अँगिकार गर्दै आएको छ । नबिलले आफ्नो रणनीतिमा दिगोपनलाई एक मुख्य आधार बनाई वातावरण संरक्षण, सामाजिक समावेशीकरण, मानव अधिकारको संरक्षण तथा नैतिक सुशासनको अभ्यासमा आफूलाई केन्द्रित गर्दै कार्बन फुटप्रिन्ट घटाउने, उत्तरदायी बैंकिङलाई प्रवर्द्धन गर्ने र वित्तीय साक्षरता विस्तार गर्ने कार्यमा आफूलाई केन्द्रित गर्दै आएको छ । बैंकका यिनै कार्यसम्पादनको उच्च मुल्याङ्कन गर्दै नबिललाई यो अवार्डद्वारा सम्मान गरिएको हो । युरोमनी म्यागजिन बैंकिङ क्षेत्रको लामो अध्ययन र विश्लेषणका आधारमा बैंकलाई सम्मान गरेको हो । बैंकले यसअघि सन् २०१०, सन् २०२०, सन् २०२१, सन् २०२२ र सन् २०२४ मा विभिन्न विधामा यूरोमनी अवार्ड फर एक्सिलेन्स अवार्डबाट सम्मानित भइसकेको छ ।

नबिल बैंक नेपालको एक अग्रणी बैंक हो । नबिलले २५ लाखभन्दा बढी सेवाग्राहीहरूलाई देशभरिको २६८ शाखा र ३२१ एटिएममार्फत सेवा प्रदान गर्दै आएको छ । विगत चार दशकदेखि नबिल बैंकले नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाको सुरुवात गर्न अग्रणी भूमिका खेल्नुका साथै नेपालको बैंकिङ विकासको इतिहासमा कोसेढुङ्गाका रूपमा काम गर्दै आएको छ ।

अब सम्पूर्ण आर्थिक खबर एकै ठाउँमा
corporatetimes.com.np
पत्रिका सम्बन्धी कुनै गुनासो वा सल्लाह सुझाव भए हामीलाई भन्नुहोस् ।
फोन: ९७०६२४७४०० इमेल: corporatetimes0@gmail.com

# ग्लोबल बैंक 'युरो मनी अवार्ड फर एक्सलेन्स' अवार्डबाट सम्मानित




काठमाडौं । ग्लोबल आईएमई बैंक लिमिटेड 'युरो मनी अवार्ड फर एक्सलेन्स २०२५' को बेस्ट बैंक अवार्डबाट सम्मानित भएको छ। सन् १९९२ मा युरो मनी म्यागजिनद्वारा स्थापित यो अवार्ड बैंकिङ क्षेत्रको एक प्रतिष्ठित अवार्ड हो। ग्लोबल आईएमई बैंकले ग्राहकहरूलाई प्रदान गर्दै आएको सेवा, वित्तीय अवस्था, संस्थागत सामाजिक उत्तरदायित्व, बैंकिङ क्षेत्रमा भित्र्याएको नयाँनयाँ प्रविधि, वातावरणीय, सामाजिक तथा सुशासनका क्षेत्रहरुमा बैंकले गरेको लगानी तथा बैंकको उच्चस्तरीय कार्यसम्पादनका लागि यो अवार्ड प्रदान गरिएको हो।

युरो मनी म्यागजिन बैंकिङ क्षेत्रको गहिरो विश्लेषण र समालोचनाका लागि प्रख्यात छ। युरो मनी समूहमा बैंक तथा वित्तीय क्षेत्रका ख्यातिप्राप्त तथा अनुभवी व्यक्तिहरू छन्। यो वर्षको अवार्डसँगै ग्लोबल आईएमई बैंक तेस्रो पटक बेष्ट बैंक अवार्डबाट सम्मानित भएको हो। यसअघि पनि ग्लोबल आईएमई बैंकले युरो मनी अवार्ड फर एक्सलेन्स २०२२ र २०२४ मा बेस्ट बैंक अवार्ड प्राप्त गरेको थियो। यसअघि ग्लोबल आईएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ र २०२५ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गत दुई विधामा नेपालको सर्वश्रेष्ठ बैंक, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२ र २०२४ मा बेष्ट बैंकको रुपमा सम्मानित भएको थियो। ग्लोबल आईएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३५२ शाखा कार्यालय, ३८४ एटीएम, १५५ शाखारहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढी सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ।

# प्रभु बैंकका ग्राहकलाई मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टरमा छुट



काठमाडौं । प्रभु बैंक लिमिटेड र पोखरा महानगरपालिका वडा नं. ११, रानीपौवा स्थित मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर प्रालि बीच व्यवसायिक साझेदारीको लागि मिति साउन २९ मा एक कार्यक्रमका बीच आफ्ना कर्मचारी तथा ग्राहकवर्गहरु लक्षित गरी उपलब्ध सेवाहरुमा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ ।

मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर प्रालिका तर्फबाट अध्यक्ष आनन्द भट्टराई र प्रभु बैंक लिमिटेड तर्फबाट, बैंकका प्रमुख व्यवसाय केन्द्र अधिकृत -एनबिसिओ, राजु राना मगरले समझदारी ज्ञापनपत्रमा हस्ताक्षर गरेका छन् ।

सम्झौता अनुसार प्रभु बैंकका ग्राहक तथा कर्मचारीहरुले बैंकको डेबिट/क्रेडीट कार्ड तथा बैंकको अन्य कुनै बिद्युतीय माध्यमद्वारा बिल भुक्तानी गर्दा मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर प्रा.लिमा उपलब्ध विभिन्न सेवाहरुमा १० प्रतिशत देखी २५ प्रतिशत सम्म छुट प्राप्त गर्न सक्नेछन् । विशेष गरि, बैंकका कर्मचारी तथा ग्राहकहरुलाई अतिरिक्त सुविधा प्रदान गर्ने योजना अन्तर्गत यो छुट उपलब्ध गराइएको हो ।

पोखरा महानगरपालिका वडा नं. ११, रानीपौवामा अवस्थित, मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर प्रालिले उत्कृष्ट स्वास्थ्य सेवा र सुविधाहरु प्रदान गर्दै आएको छ । प्रभु बैंक लिमिटेड तथा मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर प्रालि. बिच भएको यो साझेदारीले बैंकका कर्मचारी, तथा प्रभु बैंक लिमिटेडका ग्राहकहरु पनि लाभान्वित हुनेछन् ।

# एनआईसी एशिया बैंकका ग्राहकलाई कैलाली अस्पतालमा छुट



काठमाडौं । एनआईसी एशिया बैंक र कैलाली हस्पिटल प्रालिबिच स्वास्थ्य उपचार सेवामा विशेष छुट उपलब्ध गराउने सम्बन्धमा सम्झौता भएको छ।

सम्झौताअनुसार, बैंकका ग्राहकहरूले धनगढी, कैलालीमा रहेको कैलाली हस्पिटलमा स्वास्थ्य उपचारका लागि डिजिटल भुक्तानी गर्दा अस्पतालले प्रदान गर्ने विभिन्न सेवामा २० प्रतिशतसम्म छुट पाउनेछन् ।

ग्राहकहरूले यो सुविधा डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड वा मोबाइल बैंकिङ एपमार्फत भुक्तानी गर्दा प्राप्त गर्न सक्नेछन् । बैंकका अनुसार, यस सहकार्यले ग्राहकलाई स्वास्थ्य उपचारमा सहयोग गर्नुका साथै डिजिटल भुक्तानी प्रवर्द्धन गर्दै नगदरहित कारोबारमा पनि योगदान पुऱ्याउने विश्वास लिइएको छ ।

# आठौँ वार्षिकोत्सवमा आई.एम.ई. लाइफको रक्तदान कार्यक्रम सम्पन्न



काठमाडौं । आई. एम.ई लाइफ इन्स्योरेन्सको आठौँ बार्षिक उत्सवको शुभअवसरमा वृहत रक्तदान कार्यक्रम आयोजना गरेको छ । सो कार्यक्रम नेपाल रेडक्रस सोसाईटीको प्राविधिक सहयोगमा सम्पन्न भएको हो ।

काठमाण्डौको लैनचौरमा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो । रगतदान, जीवनदानू भन्ने मूल नाराका साथ आयोजित उक्त कार्यक्रममा कम्पनीका सञ्चालक समितिका सदस्य, ग्राहक, अभिकर्ता, कर्मचारी तथा सर्वसाधारण गरी सयौं व्यक्तिले स्वेच्छिक रक्तदान गरेका थिए ।

कार्यक्रमको उद्घाटन गर्दै कम्पनीका प्रमुख कार्यकारी अधिकृत पवन कुमार खड्काले स्वास्थ्य, सेवा र सामाजिक उत्तरदायित्व हाम्रो व्यवसायको महत्वपूर्ण आधार मान्दै रक्तदान जस्तो जीवनरक्षक कार्य हामी सबैको दयित्व हो भने। नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधिहरूले कम्पनीसँगको दीर्घकालीन सहकार्यप्रति धन्यवाद व्यक्त गर्दै रक्तदानजस्तो मानवीय कार्यले धेरै जीवनलाई नयाँ आशा दिने उल्लेख गरे ।

# सिटिजन लाइफकी एजेन्सी म्यानेजरद्वारा ४० जनालाई सम्मान




काठमाडौं । । सिटिजन लाइफ इनस्योरेन्स थली शाखा कार्यालयकी एजेन्सी म्यानेजर सिमा दंगालले आफ्ना बीमितहरुलाई सम्मान गरेकी छन् । उनले एक कार्यक्रमको आयोजना गरी आफ्ना ४० जना बीमितहरुलाई सम्मान प्रदान गरेकी हुन् ।

सो कार्यक्रम साखुको क्षितिज जन जागृत आधारभुत विद्यालयमा आयोजना गरिएको थियो । कार्यक्रममा सिटिजन लाइफका चिफ मार्केटिङ अफिसर भुषण रिमाल र चिफ विजनेश अफिसर सुनिल पोखेल तथा ट्रेनिङ डिपार्टमेन्ट हेड कुवेर पाठकको उपस्थिती रहेको थियो ।

साथै, कार्यक्रममा साखु शंखरापुर वडा नं. ५ का वडा सचिव नुछे बहादुर श्रेष्ठ, जनजागरित स्कुलका अध्यक्ष चिरन रेग्मी र सिटिजन लाइफ थली शाखाका शाखा प्रमुख सुविन कुइँकेलको समेत सहभागिता रहेको थियो । बीमितहरुले आफ्नो बीमा गराई आफु र आफ्नो परिवारको जीवन रक्षा गरेको हुनाले र बीमितहरुलाई हौसला प्रदान गरी सबैलाई बीमा चेतना बढोस् भन्ने हेतुले एजेन्सी म्यानेजर दंगालले बीमितहरुलाई सम्मान गरेको बताइन् ।

सो कार्यक्रमपछि नेपाली नारीहरुको महान पर्व तीजको शुभकामना आदान प्रदान गरिएको सिटिजन लाइफका थली शाखा प्रमुख दंगालले बताए ।

# नेपाल बैंक र न्युरो कार्डियो मल्टिस्पेसियालिटी हस्पिटलबीच सम्झौता



काठमाडौं । नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेड र मोरङ जिल्ला बिराटनगर वडा नं. १० स्थित न्युरो कार्डियो एण्ड मल्टिस्पेसियालिटी हस्पिटलबीच अस्पतालले प्रदान गर्ने विविध स्वास्थ्य सेवामा लाग्ने शुल्कमा विशेष छुट प्रदान गर्ने सम्बन्धि सम्झौता सम्पन्न भएको छ। सो सम्झौता बमोजिम नेपाल बैंक लिमिटेडका कर्मचारीहरु र ग्राहकवर्गलाई अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाहरुको बिल रकममा ५ प्रतिशत देखि ५० प्रतिशत सम्म छुट हुने व्यवस्था गरिएको छ ।

भदौ २ गते भएको उक्त सम्झौताको पत्रमा बैंकको तर्फबाट कोशी प्रादेशिक कार्यालय प्रमुख सुर्यप्रकाश भट्ट र न्युरो कार्डियो एण्ड मल्टिस्पेसियालिटी हस्पिटलको तर्फबाट अस्पतालका निर्देशक राजेश भट्टराइले हस्ताक्षर गरे ।

# संरक्षकको मृत्युपछि सांग्रिला बैंकद्वारा बीमा रकम हस्तान्तरण



काठमाडौं । सांग्रिला डेभलपमेन्ट बैंकमा सुरक्षित बाल बचत खाता खालेकी बालिकाका संरक्षकको मृत्यु भएपछि परिवारलाई विमाङ्क रकम हस्तान्तरण गरिएको छ। सांग्रिला डेभलपमेन्ट बैंकको पोखरास्थित तालचोक शाखामा खाता खोल्न भएकी सृष्टि त्रिपाठीका दाजु (खाता खोल्दा उनले संरक्षक राखेको व्यक्ति) सागर त्रिपाठीको दुर्घटनामा परी मृत्यु भएपछि बीमा बापतको रकम उपलब्ध गराइएको हो । सांग्रिला डेभलपमेन्ट बैंकको तालचोक शाखाका प्रवन्धक राजीव पौडेलले सृष्टि र उनकी आमा शिला त्रिपाठीलाई तीन लाख रुपैयाँको चेक हस्तान्तरण गरे । उक्त रकम सृष्टि त्रिपाठी १८ बर्ष पुगेपछि उहाँले झिक्न पाउने गरी अहिले मुद्दती खातामा जम्मा गरिएको छ। सांग्रिला डेभलपमेन्ट बैंकमा सुरक्षित बाल बचत खाता खोल्ने व्यक्तिका संरक्षकको निधन भएमा बैंकले बिमा बापत तीन लाख रुपैयाँ उपलब्ध गराइने प्रावधान रहेको छ ।

# सहकारी नियमन प्राधिकरणले पायो पूर्णता

काठमाडौं । राष्ट्रिय सहकारी नियमन प्राधिकरणले पूर्णता पाएको छ । प्राधिकरणमा रिक्त विज्ञ सदस्य तथा चार्टर एकाउन्टेन्ट सदस्यले शपथ ग्रहण गरेसँगै प्राधिकरणले पूर्णता पाएको हो । सोमबार ती सदस्यहरूले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले नवनियुक्त सदस्यहरूको शपथ ग्रहण गराएका हुन् । साउन २६ गते बसेको मन्त्रिपरिषद् बैठकले प्राधिकरणको विज्ञ सदस्यमा रमेशप्रसाद चौलागाईँलाई नियुक्त गरेको थियो । उनी पूर्णकालीन सदस्य हुन् । त्यस्तै चार्टर्ड एकाउन्टेन्ट सदस्यमा महेश खनाल नियुक्त भएका छन् । सरकारले प्राधिकरणको कार्यकारी निदेशकमा सहसचिव शेषनारायण पौडेललाई जिम्मेवारी दिएको छ । उनले प्राधिकरणको सदस्य सचिवको जिम्मेवारी समेत सम्हाल्दै आएका छन् ।

# दार्चुला पावरले ३० लाख कित्ता आईपीओ जारी गर्ने




काठमाडौं । दार्चुला पावर लिमिटेडले आईपीओ जारी गर्ने भएको छ ।

कम्पनीले जारी पूँजीको २० प्रतिशत अर्थात १०० रुपैयाँ अंकित दरको ३० लाख कित्ता साधारण सेयर जारी गर्नको लागि मुक्तिनाथ क्यापिटललाई धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको हो ।

शेयर निष्काशन सम्बन्धी सम्झौतापत्रमा दार्चुला पावरको तर्फबाट अध्यक्ष सतिस न्यौपाने तथा मुक्तिनाथ क्यापिटलको तर्फबाट प्रमुख कार्यकारी अधिकृत कबिन्द्र ध्वज जोशीले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् ।

# हिमालयन लाइफकी एजेन्सी म्यानेजर ग्लोबल कन्फ्रेन्समा सहभागी हुँदै




काठमाडौं । हिमालयन लाइफ इन्स्योरेन्स विराटनगर शाखाकी गर्विलो नाम, सिनियर एजेन्सी म्यानेजर फुरुमाया तामाङ यही आउँदो अगस्ट २४ देखि २७ तारिखसम्म चीनको मकाउमा आयोजना हुने प्रतिष्ठित MDRT (Million Dollar Round Table) ग्लोबल कन्फ्रेन्समा सहभागी हुने भएकी छन् । MDRT विश्वको करिब ७० देशका करिब ७०० वटा कम्पनीको वित्तीय क्षेत्रमा संलग्न शीर्षस्थ व्यक्तिहरूको साझा अन्तर्राष्ट्रिय मञ्च हो, जहाँ सहभागीहरूले अनुभव, ज्ञान र सफलताका कथाहरू आदान-प्रदान गर्दै आपसी सञ्जाल विस्तार गर्छन्।

यस वैश्विक सम्मेलनमा नेपाल प्रतिनिधित्व गर्दै आफ्नो योगदान पुऱ्याउन लागेकी तामाङ बिराटनगरको गर्व र देशको शान बनेकी छन्। उनीले त्याहा गएर नेपालको झन्डा फरफराउने छिन । प्रस्थान अघि, हिमालयन लाइफ इन्स्योरेन्सको कोशी प्रदेश कार्यलयले उनलाई नेपालको झन्डा ओढाएर सम्मानपूर्वक विदाइ गरेको थियो। कार्यक्रममा कोशी प्रदेश प्रमुख रामबहादुर शाहले फुरुमायाको साहस, निष्ठा र समर्पणलाई उच्च प्रशंसा गर्दै भने,नारी केवल परिवारको आधार मात्र होइनन्, उनीहरू समाजको वित्तीय सुरक्षादेखि लिएर राष्ट्रिय पहिचानसम्म चिनाउने शक्तिशाली दूत हुन् । त्यसैगरी उप-प्रदेश प्रमुख सुरेन्द्र कुमार कर्णले फुरुमायालाई असाधारण महिला, साहसी व्यक्तित्व र समाजसेवामा समर्पित प्रेरणादायी व्यक्तिको रूपमा अभिव्यक्त गरे ।

फुरुमाया तामाङले विगतमा लगातार ४ पटक एमडीआरटी सदस्यता हासिल गरेकी छन् । साथै, तीन वर्षसम्म निरन्तर नेपालकै पहिलो स्थानमा रहन सफल हुनु उनको अदम्य श्रम, लगनशीलता र आत्मविश्वासको प्रतिक हो। यस अवसरमा विराटनगर शाखा प्रमुख सन्तोष आचार्यले भने,घर-परिवारको जिम्मेवारी सम्हाल्दै अन्तर्राष्ट्रिय स्तरको मञ्चमा आफैंलाई प्रस्तुत गर्न सक्ने आत्मविश्वास र वातावरण हरेक मानिसमा आत्मविश्वास भई लगनशिल भएर लाग्दा सम्भव छ । एक ग्रामिण भेगबाट साधरण परिवारबाट असाधारण क्षमता प्रस्तुत गर्न सफल फुरुमाया तामाङ त्यसको जीवन्त उदाहरण बनेकी छन् ।

# चाइना एक्जिम बैंकको नेपाली एजेन्ट बन्यो सानिमा बैंक




काठमाडौं । दि एक्स्पोर्ट एन्ड इम्पोर्ट बैंक अफ चाइना (सीईएक्सआइएम) चाइना एक्जिम बैंक बैंकले सनिमा बैंक लिमिटेडलाई मनाङ मर्स्याङ्दी हाइड्रोपावर (१३५ मेघावाट)-१ र लाङटाङ भोटेकोशी हाइड्रोपावर (१२० मेघावाट)-१ समेत २ जलबिद्युत आयोजनाका लागि वित्तीय सहजिकरण/मध्येस्थकर्ताको रुपमा कार्य गर्न नेपालका लागि एजेन्ट बैंक नियूक्त गरेको छ ।

(सीईएक्सआइएम बैंकको चिनको सिचुहान शाखामा आयोजित एक विशेष कार्यक्रममा सानिमा बैंक लिमिटेड र सीईएक्सआइएमबीच सम्झौतामा हस्ताक्षर गर्ने कार्य सम्पन्न भएको छ। उक्त सम्झौतामा सानिमा बैंक (एजेन्ट बैंक)का तर्फबाट प्रमुख निक्षेप अधिकृत हेमराज सञ्ज्याल र (सीईएक्सआइएमको तर्फबाट सिचुहान शाखाकी उपाध्यक्ष वू यान्हुईले हस्ताक्षर गरेका छन् ।

उक्त विशेष कार्यक्रममा सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चल राज पाण्डे, सीईएक्सआइएम बैंक सिचुहान शाखाका अध्यक्ष चेन सेन्ग्रोङ र एसजीआईसी इन्टरनेशनलका अध्यक्ष लिआओ बिनसमेतको उपस्थिति रहेको थियो । सो समारोहलाई सम्बोधन गर्दै सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चल राज पाण्डेले एजेन्सी बैंकको रुपमा कार्य गर्न सानिमा बैंकलाई विश्वास गरी छनौट गर्नु भएकोमा सबै सरोकारवालाहरु प्रति आभार व्यक्त गरे । एक्जिम बैंकसँगको महत्वपूर्ण सहकार्यले सानिमा बैंकको अन्तराष्ट्रिय ब्यापार सम्बन्ध विस्तार भई व्यापार प्रबर्द्धनमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरे । उनले उर्जा जलबिद्युत, व्यापार पूर्वाधार, लगाएतका क्षेत्रमा यस्ता सहकार्यले नेपालका लागि महत्वपूर्ण योगदान गर्ने अपेक्षा समेत व्यक्त गरे ।

एक्जिम र मुख्य लगानीकर्ता कम्पनीका प्रतिनिधिहरुले परियोजना समयमै सम्पन्न गर्न सहजिकरण गर्ने संयुक्त प्रतिबद्धता व्यक्त गरे । उक्त कार्यको लागि सानिमा बैंकको भुमिका महत्वपूर्ण हुने कुरा व्यक्त गर्दै यी परियोजनाबाट प्राप्त अनुभवबाट भविश्यमा अन्य क्षेत्रमा पनि यस किसिमका सहकार्य गर्न उक्त परियोजनाहरु कोशेढुंगा सावित हुने विचार व्यक्त गरे । साथै, यी परियोजना सफल बनाउन हाल सम्मकै ठुलो परिमाणमा चाईनिज मुद्राको अर्न्तरदेशीय कारोबार नेपालमा भित्राउन सानिमा बैंक सफल भएको छ र यस्ता कार्यले आगामी दिनमा बैंकको कार्य क्षमता बढ्ने र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सानिमा बैंकको साख बृद्धिहुने तथा देशको दिगो विकासमा महत्वपूर्ण टेवा पुऱ्याउने देखिन्छ ।

## एनएमबि बैंकले ७.१३% ब्याजदरमा सवारि साधन कर्जा दिने




काठमाडौं । एनएमबि बैंकले नाडा अटो शोमा सहभागिता जनाउँदै र आउने चाडपर्वलाई लक्षित गर्दै विशेष अटो लोन योजना सार्वजनिक गरेको छ। यो योजना अन्तर्गत ग्राहकहरूले केवल ७.१३% को आकर्षक ब्याजदरमा सवारी साधन कर्जा उपभोग गरी व्यितिगत सवारि साधन किन्न सक्नेछन्। बैंकले यो योजना सीमित अवधिका लागि मात्र ल्याएको छ र आवेदन प्रक्रिया सहज र लचिलो बनाईएको छ। इलेक्ट्रिक सवारी साधन किन्न चाहनु भएका ग्राहकहरुका लागि, एनएमबि बैंकको यो अफर एक राम्रो अवसरहुनेछ।

एनएमबि बैंकले यस अफर मार्फत वातावरण मैत्री सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्दै नेपालको दिगो तथा हरित भविष्य निर्माणतर्फ सहयोग गर्ने लक्ष्य लिएको छ। बैंकको यो प्रयास दिगो विकासमा टेवा पुर्‍याउने र ग्राहकलाई केन्द्रमा राखेर सेवाहरू उपलब्ध गराउने प्रतिबद्धताको एउटा उदाहरण हो।

यस अफरबारे थप जानकारी एनएमबी बैंकको नजिकको शाखा वा नाडा अटो शोमा रहेको एनएमबी बैंकको स्टल नं E-२४ मा बैंकको तर्फवाट उपस्थित हुने प्रतिनिधि मार्फत लिन सकिनेछ। एनएमबि बैंकले हाल देशभरी २०२ शाखाहरु, १८७ एटिएमहरु र ९ एक्सटेन्सन काउन्टरहरु मार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ।

## सिटिजन्स बैंकको बागमतीमा नेतृत्व विकास सेमिनार सम्पन्न



काठमाडौं । सिटिजन्स बैंकले बागमती प्रदेशका प्रमुख, क्लस्टर हेड, शाखा प्रबन्धक तथा कर्मचारीहरूलाई लक्षित गरी 'ईम्पावरिङ्ग लिडरसिप इन बागमतीः अ सेमिनार फर पर्फरमेन्स एण्ड एक्सिलेन्स' नामक कार्यक्रम सम्पन्न गरेको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल, उप-प्रमुख कार्यकारी अधिकृत तथा वरिष्ठ कार्यकारीहरू समेतको उपस्थिति रहेको सो कार्यक्रम नेतृत्व क्षमता अभिवृद्धि र कार्यक्षमता सुदृढीकरणमा केन्द्रित थियो।

कार्यक्रममा गत आर्थिक वर्षको कार्यप्रगति समीक्षा गर्दै चालु आर्थिक वर्षका प्राथमिकताहरूमा छलफल भएको बैंकले जनाएको छ । यसअघि मधेश प्रदेशमा पनि यस्तै सेमिनार आयोजना भइसकेको र अन्य प्रदेशहरूमा समेत चरणबद्ध रुपमा सञ्चालन गर्ने योजना रहेको छ।

सिटिजन्स बैंकले आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म कर्जा, निक्षेप, खुद व्याज आम्दानी लगायतका सूचकमा दोहोरो अंकको वृद्धि हासिल गरेको जनाएको छ । समीक्षा अवधिमा बैंकको कर्जा प्रवाह ११.१५ प्रतिशत बढेर १ खर्ब ७५ अर्ब १६ करोड रुपैयाँ पुगेको छ । त्यस्तै, निक्षेप संकलन ११.६९ प्रतिशतले बढ्दै २ खर्ब १४ अर्ब ८ करोड रुपैयाँ पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा करिब २२ अर्ब बढी हो।

खुद व्याज आम्दानीमा पनि ११.२० प्रतिशत वृद्धि भई ६ अर्ब ३६ करोड रुपैयाँ पुगेको छ । हाल बैंकको कर्जा-निक्षेप अनुपात (सीडी रेसियो) ८१.९१ प्रतिशतमा कायम छ, जसले तरलता व्यवस्थापन सन्तुलित रहेको देखाउँछ । त्यस्तै, सम्पत्ति प्रतिफल दर ०.५५ प्रतिशत र पुँजी प्रतिफल दर ५.८१ प्रतिशत कायम भएको बैंकले जनाएको छ।

## भेन्चर हायर पर्चेज लिमिटेडलेआईपीओ निष्काशन गर्ने

VENTURE HIRE PURCHASE

काठमाडौं। आईएमई ग्रुपको हायर पर्चेज कम्पनी भेन्चर हायर पर्चेंज लिमिटेडले आईपीओ निष्काशन गर्ने भएको छ। कम्पनीले आईपीओ निष्काशन सहितका प्रस्ताव पारित गर्न भदौ २७ गते शुक्रबार साधारणसभा आह्वान गरेको छ।

साधारणसभामा कम्पनीको पुँजी संरचना परिवर्तन गर्ने र सो बमोजिम प्रबन्धपत्र / नियमावलीमा संसोधन गर्ने , कम्पनीको प्रबन्धपत्र / नियमावली संशोधनमा नियमनकारी निकायहरुबाट कुनै थपघट वा संसोधन गर्न निर्देशन भएमा आवश्यक संशोधन तथा परिमार्जन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने, प्रारम्भिक सार्वजनिक निष्काशन (क्षएइ) मार्फत शेयर विक्री गर्ने , संचालक समितीको प्रतिवेदन पारित गर्ने, लेखा परिक्षकको प्रतिवेदन पारित गर्ने,

लेखा परिक्षक नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने , संचालक समिति पुनर्गठन गर्ने प्रस्ताव पेश हुने छन्। त्यस्तै दश प्रतिशत नगद लाभांस वितरण गर्ने प्रस्ताव पनि सभामा पेश हुने छ।

यो कम्पनी आइएमई ग्रुप अन्तर्गतको हो। कम्पनीका अध्यक्ष निशान ढकाल हुन् भने सीइओ बाबुराम शर्मा हुन्। कम्पनीले आईएमई मोटर्सद्वारा बिक्री गरिने गाडीमा हायर पर्चेजको सेवा प्रदान गर्दै आएको छ।

## राष्ट्रिय वाणिज्य बैंक र नेपाल टेलिकमबीच सम्झौता

काठमाडौं । राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल दुरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)बीच निवृत्तिभरण खाता, तलबी बचत खाता तथा पेसाकर्मी सरल कर्जा सञ्चालनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ। नेपाल टेलिकमको प्रधान कार्यालयमा आज आयोजित एक कार्यक्रमकाबीच उक्त सम्झौतापत्रमा हस्ताक्षर भएको हो।

नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक सविना मास्के प्रधान र राष्ट्रिय वाणिज्य बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले हस्ताक्षर गरे । 'वाणिज्य बैंकले नेपाल टेलिकमका सेवानिवृत्त कर्मचारीका लागि पेन्सन खाता सञ्चालन गर्नुका साथै कार्यरत कर्मचारीका लागि तलबी बचत खाता, पेसाकर्मी सरल कर्जा र अन्य सेवासुविधा उपलब्ध गराउनेछ', सम्झौतापत्रमा उल्लेख छ।

विसं २०२२ माघ १० गते स्थापना भएको वाणिज्य बैंकले हाल ७७ वटै जिल्लामा रहेका तीन सय १० वटा शाखा कार्यालयमार्फत सेवा प्रवाह गर्दै आइरहेको छ । बैंकले आफ्नो सेवालाई समयसापेक्ष बनाउँदै प्रविधिमा आधारित वित्तीय समावेशीकरण र दिगो बैंकिङ सेवा विकासमा केन्द्रित गरिरहेको बैंकका उपकार्यकारी अधिकृत पवन रेग्मीले जानकारी दिए।

## रिभर फल्स पावरले भदौ २३ गतेदेखि हकप्रद निष्काशन गर्ने

काठमाडौं। रिभर फल्स पावर लिमिटेडले भदौ २३ गतेदेखि हकप्रद निष्काशन गर्ने भएको छ। कम्पनीले १:१ को अनुपातमा हाल कायम चुक्ता पुंजीको १०० प्रतिशतले हुन आउने ७० करोड रुपैयाँको ७० लाख कित्ता हकप्रद शेयर निष्काशन गर्न लागेको हो। कम्पनीले हकप्रद निष्काशनको लागि साउन २६ गते बुक क्लोज गर्ने निर्णय गरेकोले सो दिन भन्दा एक दिन अगाडीसम्म कायम शेयरधनीले मात्र कम्पनीको हकप्रदमा आवेदन दिन सक्ने छन्। शेयर निष्काशनको लागि प्रभु क्यापिटल बिक्री प्रबन्धक रहेको छ।

नेपाल धितोपत्र बोर्डले साउन ९ गते कम्पनीलाई हकप्रद निष्काशनको अनुमति दिएको थियो। यस हकप्रदमा असोज १२ गतेसम्म आवेदन दिन सकिने छ।

## नेरुडे मिर्मिरे लघुवित्तको कामु सीईओमा भागनारायण साहु

काठमाडौं। नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडले नायव प्रमुख कार्यकारी अधिकृत भागनारायण साहुलाई कायम मुकायम प्रमुख कार्यकारी अधिकृत (सीईओ) पदको जिम्मेवारी प्रदान गरेको छ। संस्था सञ्चालक समितिको भदौ ४ गते बसेको बैठकले सो निर्णय गरेको हो।

यसअघि कार्यरत प्रमुख कार्यकारी अधिकृत भोजराज बस्यालको कार्यकाल साउन मसान्तमा समाप्त भएको थियो । लघुवित्तले साहुको नेतृत्वमा संस्थाको कार्य सञ्चालन निरन्तर गतिशील र प्रभावकारी हुने विश्वास व्यक्त गरेको छ।


## उपभोक्ता हितका लागि अनुरोध !

❖ खाद्य पदार्थमा हुने मिसावटठगी, काला बजारी, अस्वाभाविक मूल्य वृद्धि लगायतका गलत क्रियाकलाप रोक्न आम उपभोक्ता सचेत र जिम्मेवार बनौं ।

❖ खाद्य वस्तुको भौतिक अवस्था, स्रोत, स्वच्छता तथा गुणस्तरबारे विचार गरी उपभोग योग्य खाद्य वस्तुको मात्र छनोट गरौं ।

❖ औद्योगिक खाद्य वस्तु खरिद गर्दा पूर्ण लेबल विवरण उल्लेख भएका खाद्य वस्तु मात्र उपभोग गरौं। खाद्य वस्तुको आवरणमा निम्नलिखित विवरणहरू अध्ययन गरेर मात्र खरिद गरौं।

क) उत्पादकको नाम र ठेगाना,
ख) उत्पादन मिति र उपभोग्य मिति वा अवधि,
ग) खुद तौल, परिमाण, मूल्य र गुणस्तर चिन्ह,
घ) पोषक तत्व र समिश्रण
ङ) दर्ता र अनुमति पत्र नम्बर
च) उत्पादन विधि, प्रविधि, खाद्य वस्तुको प्रकार र अन्य विवरण

❖ खाद्य वस्तुको खुला कारोबार गर्दा ओस्सियका, डल्ला परेका, ढुसी लागेका, क्षति भएका, अस्वाभाविक दाग, धब्बा, रूप, रङ्ग, गन्ध, आकार, प्रकार, विशेषता भएका, किराले क्षति गरेका, सडेगलेका, किरा परेका, झिँगा भन्केका, धूलो, धुंवा, फोहोर तथा वातावरणीय प्रदुषकको सम्पर्कमा आएका, अखाद्य रङ्ग प्रयोग भएका खाद्य वस्तुको उपभोग नगरौं ।

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पोखरा, कास्की, नेपाल



## स्वच्छ, सफा खानेपानी तथा वातावरणीय सरसफाइ सम्बन्धी जनहितमा जारी सन्देश

*पढौं, सोचौं तथा व्यवहारमा अबलम्बन गरी असल नागरिकको परिचय दिऔं ।*

**साबुन पानीले अनिवार्यरुपमा हातधुने बानी बसालौं**

- चर्पीको प्रयोगपछि,
- खाना बनाउनु, पस्कनु, खानु र खुवाउनु अघि,
- कुनै फोहोरकुरा वा विषादी छोएपछि,
- बिरामी तथा बच्चाको स्याहार गर्नु अघि र पछि,

**स्वच्छ, सफा, सुन्दर वातावरण बनाऔं, असल नागरिक बनौं**

- खानेपानीको मुहान,स्रोत, धारा संरक्षण तथा सफा राखौं,
- खुल्ला स्थानमा दिसापिसाब नगरौं,
- फोहोरमैलाको उचित व्यवस्थापन गरौं,
- घर, आँगन, उद्यान, बाटो लगायत सार्वजनिक स्थान सफा राखौं,

**स्वच्छ, सफा पिउने पानीमात्र प्रयोग गरौं**

- शुद्धिकरण गरेको पानीमात्र पिउने गरौं,
- पानी शुद्धिकरण गर्ने ४ घरेलु उपायहरुः उमालेर,फिल्टर गरेर,क्लोरिन हालेर, सोडिस गरेर मात्र पिउने गरौं,
- खानेपानीको ट्यांकीमा क्लीचिङ्ग पाउडर नियमित प्रयोग गरौं,
- शुद्ध पिउने पानी प्रयोग गरी झाडा पखाला,आँउ, रगतमासी, हैजा, जुका, म्यादेज्वरो, कमलपित्त, आदि जस्ता रोगहरुबाट बचौं,

खानेपानी, सिंचाइ तथा ऊर्जा विकास निर्देशनालय,
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

# मल कारखाना, इथानोल मिश्रण र हाइड्रोजन बस सहयोग गर्न भारत सकारात्मक




जेपि लम्साल/ काठमाडौं

इन्डियन आयल कर्पोरेसन (आइओसी)ले मल कारखाना, इथानोल मिश्रण र हाइड्रोजन बस सञ्चालनका लागि आयल निगमका अधिकारीले गरेको सहयोगसम्बन्धी प्रस्तावमा सकारात्मक रहेको प्रतिक्रिया दिएको छ। आयल निगमको कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्ट नेतृत्वको निगम टोलीले बुधबार दिनभर दिल्लीस्थित आइओसी अधिकारीसँग छलफल गरेको थियो। निगमको टोलीमा नायब कार्यकारी निर्देशक दीपक बराल र पूर्ण रिजाल तथा निर्देशकद्वय विनितमणि उपाध्याय र सुरज साह छन्। निगम टोलीले आइओसीको अध्ययन तथा विकास विभागका निर्देशक डा. आलोक शर्मा र योजना तथा व्यवसाय विकास विभागका निर्देशक सुमन कुमारसँग छलफल गरेको थियो। छलफलका क्रममा आइओसीको इथानोल ब्लेडिङ प्रविधि भएको प्रयोगशाला र हाइड्रोजन प्रयोगशालासमेत निरीक्षण गरेको निर्देशक उपाध्यायले जानकारी दिए।

आइओसी अधिकारीसँग पेट्रोलमा १० प्रतिशत इथानोल मिश्रण गर्ने प्रविधिबारे जानकारी लिएको उनले बताए। 'हामीले यो वर्षबाट पेट्रोलमा इथानोल मिश्रणको काम सुरु गर्ने योजनाका साथ नीति कार्यक्रम बनाएका छौं,' उनले भने, 'यसका लागि कार्यविधि पनि तयार भइसकेको छ। कार्यान्वयन पाटो के कस्तो हुनेरहेछ भनेर हामीले स्थलगत निरीक्षण गरेका छौं।' उनले इथानोल मिश्रणका लागि आइओसीले भारतमा गरिरहेको अभ्यासलाई नै नेपालमा पनि लागू गर्न चाहेकाले आवश्यक सहयोग मागिएको बताए। 'आइओसी अधिकारीबाट प्राविधिक सहयोग गर्न तयार रहेको जवाफ पाएका छौं,' उपाध्यायले भने, 'अब, नेपालमा पूर्वाधार तयारीको काममा जुट्नेछौं।' त्यस्तै, निगमले चालू आर्थिक वर्ष ०८२/८३ मा दुईवटा हाइड्रोजन बस किनेर सञ्चालन गर्ने गरी बजेट छुट्याएकाले त्यसका लागि पनि आइओसीसँग सहयोग मागिएको उनले बताए।

निगमले धुलिखेल-काठमाडौं रुटमा दुईवटा हाइड्रोजन बस सञ्चालन गर्ने गृहकार्य गरिरहेको छ। धुलिखेलमा निगमकै सहयोगमा काठमाडौं विश्वविद्यालय परिसरमा हाइड्रोजन ग्यास उत्पादन गर्ने स्टेसन छ। निगम टोलीले बुधबार आइओसीसँगको छलफलमा काठमाडौंमा हाइड्रोजन रिफ्युलिङ स्टेसनका लागि सहयोगको प्रस्ताव गरेको छ। 'यो वर्ष दुईवटा हाइड्रोजन बस किनेर सञ्चालन गर्ने योजना कार्यान्वयनका लागि आइओसीसँग हामीले सहयोग मागेका छौं। त्यसमा सकारात्मक रहेको प्रतिक्रिया पाएका छौं,' उपाध्यायले भने। टोली बिहीबार काठमाडौं फर्कने र हाइड्रोजन ग्यासको स्टेसनका लागि आवश्यक गृहकार्य थाल्ने उनले बताए।

**गोरखपुर र बरौनीको रासायनिक मल कारखाना निरीक्षण गर्न आइओसीको सुझाव**

नेपालमा रासायनिक मल कारखाना स्थापनाका लागि सहयोग मागेको निगमको टोलीलाई आइओसीले गोरखपुर र बरौनीस्थित आफ्नो मल कारखाना निरीक्षण गर्न सुझाव दिएको छ। उक्त स्थानमा प्राकृतिक ग्यास प्रयोग गरेर आइओसी मुख्य प्रवर्द्धक रहेको हिन्दुस्तान उर्वरक एवं रसायन लिमिटेडको मल कारखाना छ। निगमले दैलेखमा पुष्टि भएको प्राकृतिक ग्यास उत्खनन गरेर रासायनिक मल कारखाना स्थापना गर्ने योजना आइओसी अधिकारीलाई सुनाएका थिए।

त्यसपछि उनीहरूले सुरुमा मल कारखानाको भ्रमण गरेर वस्तुस्थिति बुझ्न सुझाएको उपाध्यायले बताए। 'मल कारखाना भ्रमण गरेर सम्भावना देखियो भने आइओसी अधिकारीसँग फेरि छलफल गर्छौं। उनीहरूले पनि नेपालमा मल कारखाना खोल्नका लागि हामीलाई विगतदेखि नै प्रोत्साहन गरिरहेका छन्,' उपाध्यायले भने। निगमले दुई साताभित्रै गोरखपुरस्थित आइओसीको रासायनिक मल कारखाना निरीक्षण गर्ने जनाएको छ।

**भैरहवामा डिपो बनाउन पाँच अर्ब ७९ करोड लागत अनुमानसहितको डिपिआर तयार**

आयल निगमले रुपन्देहीस्थित ओमसतिया र रोहिणी गाउँपालिकामा रहेको साढे २५ बिघा जमिनमा आधुनिक डिपो बनाउन करबाहेक पाँच अर्ब ७९ करोड ३० लाख ६४ हजार नौ सय ४१ रुपैयाँ लागत अनुमानसहितको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भएको छ। बुधबार एक कार्यक्रमबिच काठमाडौं विश्वविद्यालयको कन्सल्टेन्सी सेवा विभागले निगमको भण्डारण क्षमता अभिवृद्धि परियोजनालाई डिपिआर हस्तान्तरण गरेको हो। परियोजना प्रमुख रहेका निगमका उपनिर्देशक प्रदीप यादवले डिपिआरको मापदण्डभित्र रहेर चालू आर्थिक वर्ष ०८२/८३ बाटै इन्धन डिपो निर्माण थालिने बताए।

'चालू आवको बजेट निगम सञ्चालक समितिबाट पास हुने क्रममा रहेको छ। बजेट पास हुनासाथ टेन्डर आह्वान गरिहाल्छौं,' उनले भने, 'त्यसपछि मंसिरसम्म टेन्डर मूल्यांकन गरेर ठेक्का सम्झौता भइसक्छ।' ठेक्का सम्झौता भएको तीन वर्षमा निर्माण सक्ने लक्ष्य राखिएको उनले बताए। इपिसी मोडेलमा टेन्डर आह्वान गरिने भएकाले डिपिआरको लागतभित्रै इन्धन डिपो निर्माण गर्ने उनले जानकारी दिए। हाल रूपन्देहीको भलवारीमा रहेको डिपो साँघुरो र घनाबस्तीमा रहेकाले स्थानान्तरण गर्न स्थानीयले निरन्तर दबाब दिइरहेको उनले बताए। 'भलबारीमा दैनिक २० ट्यांकर तेल लोड-अनलोड गर्ने क्षमताको डिपो निर्माण भएको थियो। अहिले माग बढेर दैनिक एक सयवटा ट्यांकर परिचालन भइरहेका छन्। त्यसैले हाल सञ्चालनमा रहेको डिपोबाट भविष्यको माग धान्ने गरी काम गर्न गाह्रो छ,' उनले भने।

भलबारीमा साढे पाँच बिघा जमिन मात्रै रहेकाले भण्डारण क्षमता विस्तार गर्ने ठाउँ पनि नभएकाले नयाँ र फराकिलो क्षेत्रफलमा डिपो निर्माण हुन लागेको उनले बताए। नयाँ डिपोमा कम्तीमा एक महिनाको माग धान्ने भण्डारणगृह बनाउने यादवले जानकारी दिए। 'नयाँ डिपोमा डिजेलको १३ हजार पाँच सय किलोलिटर, पेट्रोलको चार हजार नौ सय किलोलिटर र मट्टितेलको दुई सय २८ किलोलिटर क्षमताको भण्डारणगृह बन्नेछ' यादवले भने। डिपिआर हस्तान्तरण गर्दै काठमाडौं विश्वविद्यालय, कन्सल्टेन्सी सेवा विभागका प्रमुख डा. विवेक बरालले स्वदेशी इन्जिनियरकै दक्षता प्रयोग गरेर प्रतिवेदन तयार गरेको बताए।

# ११ वर्षमा भेरी–बबई डाइभर्सनको प्रगति ६९ प्रतिशत मात्रै



तृप्ती शाहि/ सुर्खेत

२०७१/७२ मा सुरु भएको राष्ट्रिय गौरवको भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको काम ६९ प्रतिशत मात्र भएको छ। आर्थिक वर्ष २०६८/६९ देखि सुरु गर्ने भनिएको आयोजनाको काम २०७१/७२ बाट अघि बढेको थियो। तोकिएको समयभन्दा झन्डै एक वर्षअघि पहिलो चरण (सुरुङ निर्माण) को काम सकिएको आयोजनाको दोस्रो र तेस्रो चरणको काममा भने ढिलाइ भएको छ। पहिलो चरणमा २०७६ चैत १५ सम्म सुरुङ निर्माण गर्ने गरी चाइना ओभरसिज इन्जिनियरिङ ग्रुप (कोभेक) लाई जिम्मा दिइएको थियो। कम्पनीले करिब १२.२ किलोमिटर लामो सुरुङ निर्माण आफूलाई दिएको म्यादअघि सकेको थियो। राष्ट्रिय गौरवको यो आयोजना निर्माणका लागि सरकारले आर्थिक वर्ष २०८४/८५ सम्मका लागि म्याद थपेको छ। सुरुमा २०७९/८० सम्म सक्ने गरी थालिएको आयोजनाको म्याद ५ वर्षका लागि थपिएको हो। तर काममा भइरहेको ढिलाइले तोकिएको समयमा आयोजना सम्पन्न हुनेमा आशंका छ। अहिलेसम्म आयोजनाको भौतिक प्रगति ६९ प्रतिशत मात्र छ। नदीको पानीलाई मझौला नदीमा स्थानान्तरण गरी बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले अघि बढाइएका आयोजना नेपालका ठूला सिँचाइ परियोजनामध्ये एक हो। सुर्खेतको भेरीगंगा नगरपालिकास्थित चिप्लेस्थित भेरी नदीमा बाँध बनाएर सुरुङमार्फत भेरीको पानी सुर्खेत र बर्दियाको सिमानामा रहेको बबई नदीमा खसाल्ने र झन्डै ४६ मेगावाट विद्युत् उत्पादन गर्ने योजनासहित काम भइरहेको हो। आयोजनाले बाँके र बर्दियाको करिब ५१ हजार जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य लिएको छ। यसबाट बाँके र बर्दियामा सिँचाइ सुविधामार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई राष्ट्रिय ग्रिडमा थप जलविद्युत् आपूर्ति गर्ने योजना छ। झन्डै १३ वर्षअघिदेखि सुरु भएको यो परियोजनाको सुरुङको ब्रेक थ्रुपछिका कामले तीव्रता पाउन सकेको छैन। पटक-पटक म्याद थप भई निर्माण सम्पन्न गर्ने मिति आर्थिक वर्ष २०८४/८५ सम्म पुऱ्याइएको आयोजनाको सुरु अवधिदेखि गत आर्थिक वर्ष २०८१/८२ सम्मको कुल समष्टिगत प्रगति ६९ प्रतिशत पुगेको छ।

जसमा वित्तीय प्रगति ५४ दशमलव ८२ र ठेक्का सम्झौताअनुसार ६८ दशमलव ६३ प्रतिशत भौतिक प्रगति भएको छ। कोरोना महामारीका कारण प्रभावित बनेको आयोजनाले सन्तोषजनक गति लिन नसकेको आयोजना कार्यालयको भनाइ छ। कोरोनाका कारण झन्डै २ वर्ष आयोजनाको काम प्रभावित बनेको थियो। आयोजनाका लागि स्रोत सहमति नहुँदा थप बजेट व्यवस्था हुन नसक्नु पनि ढिलाइको कारण हो। कार्यक्रम संशोधनसमेत हुन समय लाग्ने, प्रसारण लाइन निर्माणका लागि वातावरणीय प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदन तयारमा सहमति प्राप्त हुन ढिलाइ हुने जस्ता समस्या आयोजनाले भोगिरहेको जनाइएको छ। आयोजना निर्माणका लागि ठूला यन्त्र, उपकरणका पार्टपुर्जा तथा निर्माण सामग्रीको व्यवस्थापन र ढुवानीका लागि मास्टर लिस्ट स्वीकृतिमा ढिलाइ हुने, विद्युत् ऐनले सुविधा सिफारिस गरेका निर्माण सामग्री, उपकरणलगायत सामग्री भन्सारमा आइपुग्दा सम्बन्धित निकायबाट अपेक्षित सहयोग नहुने समस्या आयोजनाले झेलिरहेको सूचना अधिकारी पवन अधिकारीले बताए।

स्थानीयले पटक-पटक अनावश्यक माग राखी हुलदंगा, तोडफोड, निर्माण कार्य बन्द गराउने जस्ता गतिविधिबाट निर्माण कार्य प्रत्यक्ष रूपमा प्रभावित भइरहेको अधिकारीको भनाइ छ। आयोजनास्थल आसपास सुरक्षाकर्मी भए पनि महसुस हुने गरी सुरक्षा प्रबन्ध नरहेको आयोजनाको दाबी छ। छुट भएका ऐलानी जग्गा तथा उक्त जग्गामा निर्मित संरचनाको क्षतिपूर्तिका सम्बन्धमा स्थानीयबाट मुआब्जा प्राप्तिका लागि निवेदन आएको भए पनि ऐलानी जग्गा प्राप्तिको सन्दर्भमा स्पष्ट नीति तथा कार्यविधिको अभाव रहनु, ऐलानी जग्गाको स्वामित्व परिवर्तनले प्रक्रियागत जटिलता थपिनु तथा संघीय सरकारबाट जारी नीतिहरूबीच एकरूपता नहुनुलगायतका समस्या आयोजनामा छन्।

आयोजनामा पर्ने समस्या तत्काल समाधान गर्न सक्ने विशेषज्ञ टोली सम्मिलित विज्ञको व्यवस्था नहुनु, आयोजनासँग सम्बन्धित प्रविधि हस्तान्तरण, अनुसन्धान तथा विकास जस्ता विषयमा पर्याप्त ध्यान नजानु, वन तथा राष्ट्रिय निकुञ्ज क्षेत्रमा काम गर्न प्रक्रियागत जटिलताका कारण आयोजनाले अपेक्षित गति लिन नसकेको निष्कर्ष निकालेको छ। हाल बाँध निर्माणस्थल भेरीगंगा नगरपालिका-११ चिप्लेमा निर्माण गरिने बाँधको जम्मा ६ वटा बेमध्ये बे-१ र २ को स्पिलवे र स्टिलिङ बेसिन संरचनाका साथै स्टिलिङ बेसिनको जम्मा ६ बे मध्ये दुई वटाको ढलान तथा कंक्रिटिङ गर्ने कार्य जारी रहेको अधिकारीले जनाए।